*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

| | | |
|---|---|---|
| बुद्ध | सम्वत् | २५५६ |
| नेपाल | सम्वत् | ११३२ |
| इस्वी | सम्वत् | २०१२ |
| बिक्रम | सम्वत् | २०६९ |

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**31st AUGUST 2012**

| वर्ष- ३० | अङ्क- ५ | अनला पुन्हि | भाद्र २०६९ |
|---|---|---|---|





सधैं अर्काको मात्र दोष खोतली यस्ता र उस्ता भन्दै दोषारोपण गर्दै हिंड्ने व्यक्तिको चित्तमा आश्रव (नराम्रो भावना) बढ्दै जानेछ । त्यो व्यक्ति आश्रव नाश गर्ने मार्गबाट टाढिँदै जानेछ ।

राग (लोभ) समान अग्नि अर्को छैन । द्वेष (क्रोध) समान ग्रह अर्को छैन । मोह (बेहोशी) समान जाल अर्को छैन । तृष्णा (अशान्ति) समान नदी अर्को छैन ।

अर्काको दोष पत्ता लगाउन सजिलो छ, अर्काको कार्यमा आलोचना गर्न सजिलो छ । तर आफ्नो दोष (कमजोरी) पत्ता लगाउन कठिन छ । त्यसैले साधारण मानिसहरूले अर्काको द्वोष धूलो छरे जस्तै छर्दै हिंड्छन् । तर आफ्नो दोष भने बेइमानी जुवारीले बेइमानी पूर्वक पासा छोपे जस्तै ढाकछोप गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# अष्टलोक धर्मबाट अविचलित बुद्ध गुणको महिमा

भगवान् बुद्धको गुण अपरम्पार छ । उहाँका यी अमूल्य गुणहरू विषयमा हामीले जति अध्ययन गरेपनि सकिदैन । ती गुणहरू मध्ये एक गुण अष्टलोक धर्मबाट अविचलित गुण हो । अब प्रश्न उठ्छ के हो अष्टलोक धर्म भनेको ?

अष्टलोक धर्मलाई यसरी उल्लेख गरिन्छ –

(१) लाभ (२) अलाभ (३) यश (४) अयश (५) निन्दा (६) प्रशंसा (७) सुख (८) दुःख

माथि उल्लेखित आठ प्रकारका लोक धर्मको कारणले संसार का जति पनि साधारण ज्ञानतहमा पुगेका मानिसहरू छन्, तिनीहरू प्रभावित हुने गरेको पाइन्छ ।

उदाहरणको लागि हाम्रो जीवनमा लाभ प्राप्त हुँदा हाम्रो मन हर्षित भई चञ्चल हुने गर्छ भने लाभ प्राप्त नहुँदा मन खिन्न भई दिक्दार हुने गर्छ ।

मान पदवीले विभूषित हुन पाउँदा र आफ्नो यश कीर्ति फैलिएको देख्दा हाम्रो मन अति प्रसन्न हुने गर्छ । यस्ता अवस्थामा हाम्रो मन हर्षले गद्गद् भई नाच्न र गीत गुनगुनाउन पछि पर्दैन । तर अरूको दाँजोमा आफूले चाहे अनुसार मान पदवी र यशकीर्ति पाउन सकिएन भने अनुहार निन्याउरो पारी झोक्रिएर, रिसाउने र झर्किने गर्न थाल्छौं । आफ्नो मन दुःखित पारी अरूलाई समेत दुःखी तुल्याउन पछि पर्दैनौं ।

कसैले हामीलाई प्रशंसा गरेको सुन्दा जति खुशी हुँदै उफ्रिने गर्छौं, निन्दा गर्दा त्यति नै दुःखी बनी क्रोधित बन्न थाल्ने छौं ।

यसरी नै आफ्नो जीवनमा सुखले ठाउँ लिंदा भुईंमा खुट्टा छैन कि जस्तो गरी उफ्रेर हिंड्न बाँकी राख्दैनौं । मानौं स्वर्गलोकमा पुगी स्वर्गीय सुख नै भोगिरहेको छु भन्ने ठान्छौं । सुखसयल भोग्नमा तल्लीन भई बेहोशी बन्दै अभिमान अहंकारले चूर बन्न पछि पर्दैनौं । तर दुःख आइपर्दा भने मनोबल शक्ति गिराउँदै निराश भई अप्रशन्न, दुःखी र शोकाकूल बन्न पुग्छौं । यस्तो अवस्थामा कसैले त आत्महत्या समेत गर्न पनि तम्सन्छन् ।

यी आठवटा लोक धर्मले हामी जस्ता साधारण ज्ञान भएका व्यक्तिहरूलाई नचाइरहेको हुन्छ ।

तर भगवान् बुद्ध यी अष्टलोक धर्मबाट कति पनि कम्पित हुनु हुन्न । त्यसैले भगवान् बुद्धले मङ्गल सूत्रमा भन्नु भएको पनि छ– "फुट्ठस्स लोक धम्मेहि चित्तं यस्स न कम्पति" अर्थात्– "अष्ट लोक धर्मबाट चित्त कम्प नगर्नु"

भगवान् बुद्ध जस्तो यश कीर्ति प्राप्त व्यक्ति अरू को होला ? उहाँलाई तत्कालिन श्रमण ब्राह्मणहरू आई खूब प्रशंसा गर्थे । एकपटक सेन नामक ब्राह्मणले बुद्ध समक्ष गई उहाँको गुण विषयमा खुब प्रशंसा गरेका थिए । तर भगवान बुद्ध यो प्रशंसा सुनी कति पनि खुशी हुनु भएन । प्रशंसा गर्न आउने ब्राह्मणलाई धन्यवाद पनि दिनु भएन । अर्को अर्थमा भन्ने हो भने भगवान् बुद्धको चित्तलाई प्रशंसा, यशकीर्ति, लाभ, सुख आदि लोक धर्मले कति पनि प्रभाव पार्न सकेको थिएन ।

यसरी नै भगवान् बुद्धको जीवनमा सकारात्मक घटना मात्र होइन कतिपय नकारात्मक घटनाहरू पनि घटेका थिए । ती घटनाहरूले पनि उहाँको चित्तलाई कतिपनि विचलित पार्न सकेको थिएन ।

भगवान् बुद्धले जस्तो निन्दा र उपहास खेप्नपर्ने व्यक्ति यस संसारमा अरू कोही व्यक्ति थिएन ।

एकदिन विरोधी एवं ईर्ष्यालु व्यक्तिहरूले षडयन्त्र गरी सुन्दरी नामक एक तरुणी परिव्राजिकालाई मारेर उसको मृत शरीर भगवान् बुद्ध बस्नु भएको जेतवन विहार पछाडि पुरानो फुल फाल्ने खाल्डोमा फालेर भगवान् बुद्ध प्रमुख अन्य भिक्षुहरूलाई उक्त परिव्राजिकाको हत्यारा एवं बलात्कारीको आरोप लगाउँदै बदनाम गरेका थिए । यस्तो झूठो आरोप सहन नसकी भिक्षु आनन्दले भगवान् बुद्ध समक्ष पुगी भन्न थाल्यो–

"भन्ते ! यो ठाउँमा बसि रहन हामीलाई सुहाउँदैन । त्यसैले यो ठाउँ छोडी कहिं अन्त जाऔं ।" भिक्षु आनन्दको यस्तो सुझाव सुनी भगवान् बुद्धले भन्नुभयो–

"आनन्द ! तिमी किन आत्तिएको ? हामी निर्दोष छौं । एक हप्ता भित्र यस समस्याको समाधान हुनेछ । तिमी डराउनु पर्दैन ।"

भगवान् बुद्धले भन्नुभए जस्तै कोशल राजाले सी.आई.डी खटाई घटनाको सत्यतथ्य यथार्थता विषयमा जाँच बुझ गरेर हेर्दा सत्यता छर्लङ्गियो । भगवान् बुद्धको लोकप्रियतालाई सहन नसक्ने प्रतिद्वन्दी इर्ष्यालुहरूको एक समूहको षडयन्त्र रहेछ भन्ने कुरा पत्ता लागेपछि जसले यो कुकर्म गरेका थिए उनीहरू बदनाम बन्न पुगे ।

यसरी नै चिञ्चमाणविका नामक एक महिलाले नक्कली गर्भवतीको भेष धारण गरी भगवान् बुद्धले धर्मदेशना गरिरहनु भएको धर्म सभामा आई उहाँलाई पेटमा रहेको बालकको बुवा हुनु भएको अरोप लगाउन आएकी थिइन् । यस घटनाले कमजोर मन भएका कतिपय मानिसहरूले भगवान् बुद्ध प्रति नचाहिने शङ्का उपशङ्काको दृष्टिले हेरेका थिए । तर भगवान् बुद्ध यस आरोपबाट पनि रत्तिभर विचलित हुनुभएन । त्यही क्षणमै सत्यतथ्य यथार्थता सबैको अगाडि प्रकट हुन थाल्यो । भगवान् बुद्ध प्रति षडयन्त्रको जाल रचिएको कुरा एक क्षणमा नै प्रकट भई नक्कली गर्भवती महिलाको पर्दाफास भएको थियो ।

त्यसबेला भगवान् बुद्धको अविचलित चित्त र धैर्य देखेर जन समूहले उहाँको असाधारण गुण र महिमालाई चिन्न सकेका थिए । त्यसैले कहिले काहिं हाम्रो चित्त अधैर्य रहँदा बुद्धको गुण स्मरण गरी उहाँको आदर्शलाई अंगाल्न सकेमा यो हाम्रो लागि औषधि नै हुनेछ । यसलाई भन्न सक्छौं "**अष्टलोक धर्मबाट अविचलित बुद्ध गुणको महिमा**" ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का
*अनुवादक- विश्व शाक्य*

दश दिनको साधनामा जे-जति गऱ्यौं त्यसलाई हामीले किन गऱ्यौं भनेर सम्झिँदै गर्ने हो भने कतै उल्झनेछैनौं । दार्शनिक मान्यताको विवादमा पर्नेछैनौं । विधिको अभ्यासबाटै लाभ प्राप्त हुन सक्नेछ । जहाँसम्म विधिको प्रश्न छ त्यसलाई अन्य कुनै साधनाविधिसँग मिश्रित गर्नु हुँदैन । यस बाटोमा हिँडेर साँच्चिकै फाइदा लिनु नै छ भने यस विधिलाई शुद्ध रूपमा पालना गर्नै पर्नेछ र शुद्ध रूपमै कायम राख्नुपर्दछ ।

इस दुखियारे जगत, में, सुखिया दिने न कोय ।
शुद्ध धरम फिर से जगे, जन-जन सुखिया होय ॥
धरती पर बहती रहे, धरम गङ्गा की धार ।
जन-जन का होवे भला, जन-जनका उपकार ॥
धन्य भाग साबुन मिली, निरमल पाया नीर ।
आओ धोएँ स्वयं ही, मनके मैले चीर ॥
चल साधक नहाने चलें, धरम गङ्ग के तीर ।
मैले चित्तका धोइ है, निर्मल मिलि है नीर ॥
निर्मल गङ्गा धरम की, सतत प्रवाहित होय ।
शाप ताप सारे धुलें, अन्तस शीतल होय ॥
अन्तर के डुबकी सगी, भींग गए सब अङ्ग ।
धरम रङ्ग ऐसा चढा, चढे न दूजा रङ्ग ॥

### दीक्षान्त प्रवचन

एक एक गरेर शिविरको दस दिन पूराभयो । यस महान धर्म-यज्ञको पूर्णाहुतिको समय आयो । काम शुरू गर्ने समय हरेक साधकलाई पूर्णतया आत्म-समर्पण गराइए समर्पितभाव भएपछि नै काम राम्रो हुन्छ, पूरा लाभ मिल्छ । यसैकारणले समर्पण गराइएको थियो । त्यो समर्पण दश दिनको लागि थियो । समर्पणको अवधि पूराभयो । अब हरेक ब्यक्ति स्वतन्त्र छ । धर्मले हमेशा स्वाधीन, स्वतन्त्र बनाउँछ, पराधीन र परतन्त्र होइन ।

अब आफ्नो-आफ्नो घर गएर शान्तिपूर्वक चिन्तन मनन गर्नुहुनेछ कि यी दश दिनहरूमा के सिकियो ? जो सिकाइएको थियो । के त्यो युक्तिसङ्गत छ ? न्याय-सङ्गत छ ? तर्कसङ्गत छ : बुद्धिसङ्गत छ ? तर यही एकमात्र कसौटी होइन । धेरै जसो कुराहरू, यो आज बुद्धिसङ्गत लाग्छन् केही दिनपछि तर्कहीन लाग्न सक्छन्, बुद्धिको आफ्नो सीमानाहरू हुन्छन् । त एक अरू कसीमा कस्सी लाएर हेरौं । के यसमा मेरो मङ्गल-कल्याण रहने छ कि ? तरपनि फेरि एउटा कस्सी अर्को रहन्छ – के यसबाट कुनै अरू प्राणीको हानि त हुँदैन ? के अरूहरूको लागि पनि मङ्गल हुन्छ ? जो कुरा यी तिनै कसिद्ला निखर उत्रन्छ या बुद्धिसङ्गत छ, मेरो लागि मङ्गलकारी छ र साथ साथै अरूहरूको लागि पनि मङ्गलकारी छ त समझदार मानिसले यसलाई सहर्ष स्वीकार गर्छ नै औ साँच्चिकै समझदार मानिस हो भने त केवल बौद्धिक स्तरमा अथवा केवल भावावेशको स्तरमा स्वीकार गरेर रहँदैन बल्कि वास्तविकताको यथार्थताको स्तरमा स्वीकार गर्दछ याने त्यसलाई धारण गर्दछ । त्यसलाई जीवनको अङ्ग बनाउँछ, कसैले भन्यो भन्दैमा, कसैको दबावमा होइन; बल्कि स्वेच्छाले नै आत्म-समर्पण गर्दछ । कुनै व्यक्तिलाई होइन; बल्कि जीवनभरको लागि आत्म समर्पण गर्दछ । "जीवित परियन्तं धम्मं सरणं गच्छामि" जीवनभरको लागि धर्मको शरणमा आएको छु । अब त यथाशक्ति सारा जीवन धर्ममा नै जीउँला, मङ्गल जीवन यापन गरूँला । आफ्नो पनि मङ्गल साधौंला अर्काको लागि पनि मङ्गल साधौंला ।

दश दिन स्वयं अनुभव गरेर देख्यौं कि विद्या काम लाग्ने रहेछ परन्तु यो सुरूवात मात्र हो । बाटो लामो छ । दश दिनमा त केवल एक रूपरेखामात्र मिल्छ । सारा जीवन भरको काम हो । सारा जीवन कसरी जीउने ? शान्तिपूर्वक सुखपूर्वक, जसमा हाम्रो पनि मङ्गल होस्, अरूहरूको पनि मङ्गल होस् । यही धर्मको व्यावहारिक पक्ष हो जो व्यवहारमा उत्रन्छ, उही व्यावहारिक । जो सिद्धान्तहरूमा मात्रै रहन्छ, यस्तो सैद्धान्तिक पक्ष हामीलाई काम लाग्दैन । उसबाट केवल प्रेरणा मिल्न सक्छ, मार्ग-दर्शन मिल्न सक्छ । बस, अरू केही छैन । लाभ व्यवहारबाटै हुन्छ ।

यहाँ दश दिनसम्म यस धर्म-कारावासमा बन्दी बनेर आयौ र बस्यौं । कसको लागि ? यही सिक्नको लागि कि धर्मको व्यावहारिक पक्ष कसरी पूरा गर्न सकिन्छ ? शीललाई पालन गर्दै कसरी मनलाई वशमा राख्न सकिन्छ ? मनको आत्यन्तिक गहिराइको पिंधसम्म पुगेर कसरी जाग्रित राग अथवा द्वेषलाई हेरेर उसलाई रोक्न सकिन्छ ? *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २५२

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**धम्मारामो धम्मरतो-धम्मं अनुविचिन्तयं**
**धम्मं अनुस्सरं भिक्खु-सद्धम्मा न परिहायति**

*अर्थ*– धर्ममा रमण हुने, धर्ममा लागी रहने, धर्मको चिन्तना गरी रहने, धर्म अनुस्मरण गर्ने भिक्षु सद्धर्मबाट च्यूत हुँदैन ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नुहुँदा धम्माराम स्थविरको कारणमा भन्नुभएको थियो ।

भगवान बुद्ध चार महिनापछि परिनिर्वाण हुने निश्चित भएको कुरा सार्वजनिक भएपछि भिक्षुहरू चारै तिर शोक मग्न भए । जो भिक्षुहरू पृथग्जन नै थिए अर्थात् आर्य मार्गमा पुगेका थिएनन्, तिनीहरू अनेक किसिमले रुँदै, रुवाबासि गर्दै विलाप गरिरहे भने क्षीणाश्रव भिक्षुहरू पनि धर्म संवेग उत्पन्न गर्दै बसेका थिए । भिक्षुहरू यताउती कहिं टाढा नगईकन बुद्धकै समीपमा बसी के गरुँ, के गरुँ भनी सल्लाह पनि गरिरहे ।

यस्तै बिचमा धम्माराम नामक एक भिक्षु भने आफू एक्लै एक्लै बसी भगवान् बुद्धको सामू पनि गएनन् । धम्माराम भिक्षुको लक्ष्य, थियो बुद्ध परिनिर्वाण हुनु अगाडि नै आफूले अरहत पद प्राप्त गर्ने । अतः उनी बुद्धबाट देशित धर्मलाई बारबार स्मरण गरी, चिन्तन मनन, ध्यान गर्दै कडाइका साथ मेहनत गरिरहेका थिए ।

अरु भिक्षुहरूले उनको व्यवहारलाई अन्यथा सोची बुद्धकहाँ भन्न गएछ– "भन्ते धम्माराम भिक्षुको मनमा त शास्ताको प्रति अलिकति स्नेह रहेनछ । शास्ता परिनिर्वाण हुने निश्चित भइसकेपछि पनि अब हामी के गरुँ, कसो गरुँ भनी सल्लाहसम्म पनि गर्न आएनन् ।"

भगवान् बुद्धले कुरा के हो बुझ्न धम्मारामलाई बोलाउन पठाउनु भएर सोध्नु भयो– "साँच्चै हो ! यिनीहरूको कुरा सत्य हो ?" धम्मारामले "हो" भनेर उत्तर दिए । बुद्धले सबै कुरा आफूले जाने तापनि अरुको अगाडि धम्मारामको सत्य कुरा सामू ल्याउने हेतु सोध्नु भयो– "किन यस्तो गरी हिँड्यो त ? धम्मारामले जवाफ दिए– "तथागत चार महिनापछि परिनिर्वाण हुन लाग्नु भएछ । आफू भने अहिलेसम्म बीतरागी हुन सकेको छैन । तथागत जीवमान हुनु हुँदै अरहत पद प्राप्त गर्छु भनी तथागतले देशना गर्नुभएको धर्मलाई बारबार स्मरण गरिरहेको हुँ, चिन्तना, ध्यान गरिरहको हुँ ।"

उनको कुरा सुनेपछि तथागतले– "साधु ! साधु !!" भन्नुहुँदै पछि भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो– "हे भिक्षुहरू हो ! तिमीहरूले साँच्चै नै मलाई स्नेह गर्छौ भने धम्माराम भिक्षुले जस्तै गर्नुपर्छ । मलाई केवल फूल, धूपले पूजा गर्दैमा साँच्चैको मलाई पूजा गरेको हुँदैन । धर्मानुधर्ममा राम्ररी सुप्रतिष्ठित भयौ भने नै, धर्मको अभ्यास गर्‍यौ भने नै मात्र साँच्चैको मलाई सारयुक्त पूजा गरेको हुनेछ ।" यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

**धर्मकीर्ति ज्ञानमाला भजनयात गुहाली**

*२०६९ श्रावण २० गते, टेकु ।   प्रस्तुती- प्रेमलक्ष्मी*

बुद्धरत्न महर्जन टेकु पाखें गुंला लच्छियंकं भन्ते गुरुमांपिं पाखें थःगु छ्यँ टेकुई धर्मदेशना याके गु ज्याभ्वः आयोजना याकादीगु खः ।

थ्वहे ज्याभ्वलय् वय्कलं धर्मकीर्ति ज्ञानमाला भजनयात रु. ३०००/– तका दां व माइक निगः नं चन्दा स्वरुप प्रदान याना पुण्य सञ्चय यानादीगु दु । धर्मकीर्ति ज्ञानमाला भजन खलः पाखें नं वय्कःयात लुमन्ति चिं देछाःगु जुल ।

धर्मकीर्ति ज्ञानमाला भजनया दुजः बुद्धरत्न कंसाकार पाखें धर्मकीर्ति ज्ञानमाला भजनया लागि तबला तय्त झोला (Bag) छगः चन्दा स्वरुप प्रदान यानाः पुण्य सञ्चय यानादीगु दु ।

✿ **पहिले गल्ति गरेर पछी फेरि गल्ती गर्दैन, त्यस्ताले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछन् ।**
***– बुद्ध वचन***



Downloaded from http://www.dhamma.digital

# निरन्तर गुन्जीरहेको ज्ञानमाला भजन

मुनीन्द्ररत्न वज्राचार्य

यो पुण्यभूमि नेपाल मण्डलमा महाचीनबाट महामञ्जुश्री नेपाल आगमन भई चोभारको नागदहमा चन्द्रहास खड्ग प्रहार गरी सम्पूर्ण पानी विस्थापित गरियो । यहाँ मानिस बस्ने योग्य भएपछि धर्माकरलाई राजा बनाई आनन्दले राज्य चलायो । यस पुण्यभूमिमा अनेकन बुद्धहरू विपस्वी, शिखि, विश्वभू, ऋकुच्छन्द, काश्यप र शाक्यमुनी आदिको प्रवेश हुन पुग्यो । यसपवित्र स्थलमा विभिन्न विहार, बही, स्तुप चैत्य र मन्दिरको निर्माणले बौद्ध धर्मको केन्द्र बिन्दु हुन पुग्यो । यस स्वयम्भू महाचैत्यको प्रतिष्ठापनाले यस महाचैत्य दर्शनार्थ अनेकन भक्तजनहरूको श्रद्धा भक्ति जागे पछि विभिन्न आचार्यहरूले बौद्ध स्तोत्र भजन लेख्ने काम शुरुवात हुन गयो । बौद्ध विहारहरू बही तथा मन्दिरमा स्तुति गान गर्ने, भजन गाउने शुरु भएको थियो । बौद्ध स्तोत्रमा आर्य नामसंगिती वज्रयान समुदायको प्रचलित दर्शन हुन् । यो आर्य नामसंगितीलाई बौद्ध विहार, गुम्बा, चपा पाटीमा बौद्धहरू सुमधुर लय हाली गाउने गर्थ्यो । यस्तै बौद्धहरू बज्रयानी बज्राचार्य बौद्ध सिद्धिहरूले देवी देवीको स्तोत्रहरू चर्यागीत लेखेर गाउने गर्थ्यो । चर्या साथै चर्या नृत्य पनि गरिने गर्यो ।

नेपालमा संगीतको विकासक्रममा राणाकालमा विभिन्न मन्दिर, पाटी, पौवामा विस्तारै गाउने चलन आयो । यस्तो भजन कीर्तन गाउने परम्परा भारतको देखासिकिमा हिन्दी भाषामा गाउने गर्थ्यो । पछि यसको व्यापकता बढेपछि यहाँका नेपालीहरूले पनि गाउन थाले । वि.सं. १९८१ तिर नेपालमा लामाधर्ममा प्रवजित भएका केही नेवार भिक्षुहरूलाई सर्वप्रथम देश निकाला गरियो । पछि केही बौद्ध भक्तजनहरू जागृति भएर आए । यस्तै वि.सं. १९९४ सालमा भजनमाला नामले भिक्षु प्रज्ञाभिवंश गुप्तनामले भिक्षु धर्म्मालोकबाट भारतको कुशिनगरबाट पुस्तक छापी ल्याए ।सो पुस्तकमा १८ वटा भजन संग्रहित छन् । यही भजन स्वयम्भुको भजन पाटीमा गाउन भक्तजनलाई सजिलो हुन पुग्यो । यो बौद्ध भजन सन्देशमुलक रहेको थियो । यसले अहिंसा, सत्य, सदाचार जस्तो अमूल्य वचनलाई लयवद्ध तरीकाले सामुहिक रुपमा गाउन सजिलो भयो । भजन गाउनेहरूको संख्या दिन प्रतिदिन बढ्दै गयो । एकपटक असनमा आयोजना गरिएको ज्ञानमाला भजन कार्यक्रममा हजारौं दर्शकहरू भजन सुनेर आनन्द माने । यस्तो अद्भुत घुंइचोले त्यो बेलाका प्रधानमन्त्री जुद्धशमशेरलाई असह्य पुग्यो । यस्तौ वि.सं. १९९६ सालमा ललितपुरमा हिरण्यमहाविहारका तत्कालीन युवाहरूले "**तारेमाम संघ ज्ञानमाला खलः**" को स्थापना गरियो । बौद्ध क्रियाकलाप बढ्दै गएको राणाहरूको लागि चिन्ताको विषय हुन पुग्यो ।

वि.सं. २००० सालमा भिक्षु धर्मालोकबाट सम्पादन भजनमालालाई भिक्षु अमृतानन्दबाट ज्ञानमाला नामाकरण गरी ९८ रचना समावेश गरी दोस्रो संस्करण निकालियो । धार्मिक र नैतिक विचार दिने भएकोले यसको नाम "ज्ञानमाला" राखियो । कुनै किसिमको मनोरञ्जनात्मक साधनको अभाव भएको बेला त्यसबेलाका युवाहरू भजन गाउन अघि बढे । बुद्धोपदेशलाई लय, ताल सुरमा हार मोनियम, तबला, झ्याली, तिंछुं आदि बाजाको शुरमा भजन गाउन थाले । ज्ञानमाला भजनका गीतहरू प्रबुद्ध विद्वानहरूले लेखिएका रचना हुन् । यसका लागि अति ख्याति प्राप्त संगीतकारहरूले संगीत दिएका थिए । संधै भजन गाउन स्थानको अभाव भएकोले केही साहु महाजनहरूको सहयोगले स्वयम्भू सिढिं नजिक दाहिने पट्टीको पाटीलाई भजन घर निर्माण गरियो । पछि दिन प्रति दिन ज्ञानमाला भजन गाउनेहरूको संख्या वृद्धि भएपछि भजन गाउने काम स्वयम्भूमा मात्र सिमित नभई आनन्दकुटी विहार, किम्डोल विहार र अन्य बौद्ध विहार मा समेत हुन गयो । यसरी हिन्दू राज्यमा बौद्ध धर्मको प्रचार प्रसार गऱ्यो भनेर राणा शासकहरूलाई ठूलो आघात पर्न गयो । यस्तो क्रिया कलाप देखेर गोश्वारा पुलिसको हाकिम चन्द्रबहादुर थापाले भजन गाउने स्थान स्वयम्भूमा आई त्यहाँ रहेको सबै ज्ञानमाला पुस्तक खोसेर लगे । त्यहाँ भजन गाउने आउनेहरूलाई थानामा हाजिर हुन आउनुपर्ने गरी पूर्जी काटियो । तिनीहरूलाई करीब एकवर्षसम्म बेफवाँकमा तारिखमा झुल्याई दिए । यस्तै ज्ञानमाला पुस्तक विक्रि गर्ने भक्त बुक सेलर साहुलाई समेत वि.सं. २००१ माघ २५ गते समातेर ८ महिनासम्म तारिखमा राखेर दुःख दिए । ज्ञानमाला भजनलाई प्रतिबन्ध गराइयो । भेटिए जति ज्ञानमाला पुस्तक जफत गरियो ।

वि.सं. २००१ साल श्रावणमा नेपाल स्थित वर्षावास पछि देशभरका भिक्षु र श्रामणेरहरूलाई राणा प्रधानमन्त्री जुद्धशमशेरले देश निकाला गरीदिए । पछि प्रधानमन्त्री पद्मशमशेरले बौद्ध भिक्षु र श्रामणेरहरूलाई नेपाल प्रवेश गर्न दिए पछि पुनः ज्ञानमाला भजन गाउन शुरु गरे । काठमाडौं मात्र होइन पाल्पा, तानसेनमा समेत ज्ञानमाला भजन गाउन काम वि.सं. २००४ साल देखि शुरु भयो । यस्तै पाटनमा हिरण्यमहाविहार तारेमाम संघ ज्ञानमाला भजन स्थापना हुन गयो । ज्ञानमाला भजनको तीव्रगतिले महत्व हुन गयो । यसले जनमानसमा जनचेतना जागृत हुन ठूलो मद्दत हुन पुग्यो । ज्ञानमाला भजनमा गाउने गीतहरूमा बौद्ध मतको आत्मा अनात्मा,



Downloaded from http://www.dhamma.digital

पञ्चशील, अष्टशील, देवदेवताका गुणगानका लोक गीत र राम्रा राम्रा उत्तम विचारका सन्देशमा आधारित रहेको छ। ज्ञानमाला भजनले त्यस समयका जनतालाई राजनैतिक चेतना जागृत गराउनुका साथै सामाजिक सुधारको भावना समेत उत्थानको लागि मद्दत पुगेको छ। ज्ञानमालामा उल्लेखित केही रचनाहरूले प्रभावशाली सन्देश पुऱ्याएको छ। जस्ता "प्राचीन चाला अहिले भएन हामी धन जम्मा गर्नु पऱ्यो, सबैले ल्याए नयाँ चाला हामी मात्र पछि पर्न भएन" यस्तै त्यसबेलाका कुण्ठित नारी वर्गहरूलाई सचेत हुन मार्मिक सन्देशको गीत पनि गाउने गरिन्थ्यो। नारी वर्गहरूलाई परिवर्तन ल्याउनु पऱ्यो, घरमा संकुचित भएर मात्र बस्न भएन स्वदेशबासी दिदी बहिनी विद्या सिक्नु पऱ्यो भनि भजन गाउने गर्थ्यो।

ज्ञानमाला भजन खलः संस्थानुगत भएपछि यसले सामाजिक सेवा र जागरण ल्याउनमा समेत ध्यान राखियो। वि.सं. २००८ साल असार १३ गते स्वयम्भूको जङ्गलमा ६०० बोट विरुवा रोपी वृक्षारोपण गरियो। पछि वि.सं. २०१८ साल देखि २०२२ सालसम्म काठमाडौं उपत्यका भित्रका विहार, बहीमा बुद्ध पूजा गर्ने गरियो। यस संस्थाले बौद्ध तीर्थस्थल अवलोकन गर्न तीर्थयात्राको आयोजना पनि गरिएको थियो। वि.सं. २०५० सालको माघ महिनामा तीनदिनसम्म वृहद ज्ञानमाला भजन खलःबाट ज्ञानमाला राष्ट्रिय सम्मेलन गरियो। यसमा नेपाल अधिराज्य भरिका करीव ७० ज्ञानमाला भजन उपसमितिबाट भाग लिएका थिए। वि.सं. २०५० सालमा स्व. रत्नबहादुर तन्दुकारले ज्ञानमाला रत्नवत पुरस्कार को पनि स्थापना गरियो।

ज्ञानमाला भजनको मूल विशेषता भनेको यसले ६० वर्ष नाघि भद्रजयन्ती समेत मनाइसक्यो। आजसम्म पनि स्वयम्भूको ज्ञानमाला भजन विहान सबेरै अतूत रुपमा गुन्जीरहेको हुन्थ्यो। चाहे वर्षा होस्, पुस, माघको चीसो विहान होस्, चाहे नेपाल बन्द होस्, चट्याङ्गनै परोस् ज्ञानमाला भजन सदा बहार गुन्जयमान भएकै छ। शायद यो जस्तो निरन्तरता भजन भजन गाउने पुरानो भजन मण्डली कुनै पनि छैन होला। ज्ञानमाला भजन गाउने सिलसिलामा वर्षमा आउने चाडपर्वको गीत समेत गाई चाडपर्वलाई सम्झना गराउँथ्यो। आजसम्ममा बढी बेच्ने नेपाल भाषाका पुस्तकमा "**ज्ञानमाला भजन**" पुस्तक नै आउँछ। हाल यसको संस्करण १९ वर्ष पुगेको छ।

आजकाल भजन गाउँनुमा निकै कमी आएको छ। यसको कारण केही प्रौढ समूहमात्र यसमा लागेका छन्। यसको कारण अचेल रेडियो, टेलिभिजन, कम्प्युटर, सिनेमा, नाचगान, इन्टरनेट आदि भएकोले सबै यसमा व्यस्त रहने भएकोले नै हो। भजन गाउन युवा वर्गहरूमा धर्म प्रति आस्था नरहेकाले भजन गाउने परम्परा अभाव हुँदै गइरहेको छ। यस्तो परिस्थिति आएमा भोलि ज्ञानमाला भजन गाउने परम्परा लोप हुने स्थितिमा पुग्नेछ। यसकारण समस्त बौद्धहरू यसप्रति निकै सचेत हुनुपरेको छ। आफ्नो धर्म संगीतलाई लोप गर्दै गएमा राष्ट्रियताको समेत लोप हुन जान्छ। यसैले सबैले यसमा ध्यान पुऱ्याउनु जरुरी भएको छ। ❖



*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले वि.सं. २०६९ सालमा बनेपा ध्यानकुटी विहारमा आयोजना गरेको प्रव्रज्या दिवसमा भाग लिनुभएका भूतपूर्व अल्पकालीन श्रामणेरहरूका साथ भिक्षु अश्वघोष महास्थविर*



Downloaded from http://www.dhamma.digital

# अविद्या र यसको सहोदर भगिनी तृष्णा

✍ पूर्णमान महर्जन

भगवान् बुद्धको अग्रश्रावक सारीपुत्र महास्थविर लाई एकपटक जम्बुखादक परिव्राजकले अविद्या, अविद्या भन्ने भनाई छ, आवुसो सारीपुत्र अविद्या भनेको के हो ? भनी प्रश्न सोधको थियो । यसको प्रत्युत्तरमा सारीपुत्र महास्थविरले भन्नुभयो– "आवुसो दुःख सत्यको अज्ञान, दुःख समुदय सत्यको अज्ञान, दुःख निरोध सत्यको अज्ञान र दुःख निरोध गामिनी प्रतिपदा सत्यको अज्ञानलाई अविद्या भनिन्छ। यसैलाई अर्को रुपमा भन्नुपर्दा नजान्नु, कुशल अकुशल कर्मको ज्ञान नहुनु, अज्ञान वा मोह नै अविद्या हो । प्रतीत्यसमुत्पाद, पूर्वजन्म, पुनर्जन्मलाई नजान्नु, अनभिज्ञ हुनु पनि अविद्या हो । जम्बुखादकको फेरि अविद्याको प्रहाणको लागि केही मार्ग छ त ? भन्ने अर्को प्रश्नको उत्तरमा सारीपुत्रले भन्नुभयो, आवुसो निश्चय नै यसको प्रहाण गर्ने बाटो छ। सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि आर्य अष्टाङ्गिक मार्ग हो, अविद्या प्रहाण मार्ग हो ।

अविज्जापच्चया सङ्खारा अर्थात् अविद्याको कारणले संस्कारको सृजना हुन्छ । एवंरितले संस्कारको कारणले विज्ञान, विज्ञानको कारणले नामरुप, नामरुपको कारणले सलायतन, सलायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जाति र जातिको कारणले जरामरण या दुःखमय जन्ममरणको भवचक्रमा मानिस जकडिएको हुन्छ । अविद्या या अज्ञानताको कारणले मानिसमा सुखद् संवेदनाहरूप्रति राग एवं दुःखद् संवेदनाहरूप्रति द्वेष लगातार जारी नै रहन्छ। अवचेतन मनले लगातार रागद्वेष जगाई रहन्छ र राग र द्वेषका गहिरा-गहिरा संस्कार बनाइरहन्छन् । जन्म निरोधलाई महत्व, ग्राह्यता दिनुपर्नेमा मृत्युपछि पनि सुखकर पुर्नजन्मको अपेक्षा राख्दछन् ।

तृष्णा, जसलाई दुःखको जरा भनिन्छ, अविद्याको सहोदर भगिनीको नाम हो । तृष्णा अकुशल मूल हो । यो लोभ, मोह र क्रोधको जमघट हो। आवश्यकता भन्दा धेरै इच्छा आकांक्षा राखी कुनैपनि आलम्बनमा टाँसिएर मज्जा लिने, रमाउने, लोभ, रागयुक्त भई आशक्ति सहित अगाडि बढ्ने प्रकृया तृष्णा हो । मानिसमा आरम्मण र वेदनाको कारणले उत्पन्न हुने तृष्णा बल्छीसमान हो । किनभने मासुले छोपेको बल्छीले जसरी माछालाई फसाउन आकर्षित बनाइरहेको हुन्छ, त्यसरी नै तृष्णाले मानिसलाई निरन्तर आकर्षित पारेर अनन्त भवसागरको झ्यालखानामा फसाइरहेको हुन्छ। अर्को रुपमा भन्नुपर्दा मनलाई आकर्षित वा मन पराउने कामगुणको भोक प्यासमा लाग्ने कामतृष्णा, मृत्युभई शरीर नष्ट भएतापनि जीव-आत्मा कहिल्यै नष्ट हुँदैन, लुगा फेरे झैं आत्मा अर्को शरीरमा पदार्पण भई जीवनको स्थिरता कायम रहिरहन्छ भन्ने भवतृष्णा र मृत्युपछि पुनः अर्को जन्म हुँदैन, मरेपछि दमाई राजा भन्ने कर्म र कर्मफल प्रति विश्वास नगर्ने विभव तृष्णाले दुःखको वृक्ष सृजना गर्दछ । वृक्षमा दुःखमा फलहरू फुल्दछन् । फल बीज हुँदै पुनः पुनः दुःखका वृक्षहरू पादुर्भाव भएर अन्त्यत्व भेटाउन नै मुश्किल हुन्छ ।

तृष्णालाई निरोध नगरी दुःखको निरोध हुँदैन । तृष्णा निरोधको लागि भगवान बुद्धले लकुण्टक भद्दिय स्थविरलाई उपदेशको क्रममा भन्नुभएको छ कि "तृष्णा माता र अहंकार पितालाई निर्मूल गर्ने ब्राह्मण व्यक्तिलाई कहिल्यै दुःख हुँदैन ।" आचार्य बुद्धघोषकृत विशुद्धिमार्गमा उल्लेख भए अनुसार एकपटक भगवान् बुद्ध श्रावस्तीमा विहार गर्नुहुँदा रातमा कुनै देवपुत्र उहाँको नजिक आएर तृष्णाको सम्बन्धमा आफ्नो शङ्का मेटाउन प्रश्न गरेको थियो–

**"अन्तो जटा बहि जटा, जटाय जटिता पजा ।**
**तं तं गोतम ! पुच्छामि, को इमं बिजटये जटं ?"**

अर्थात् भित्र जटा (तृष्णा, जञ्जाल) छ, बाहिर जटा छ, जटाले प्राणी जकडिएको छ, त्यसैले हे गौतम ! तपाईंसँग सोध्दछु कि कसले यस जटालाई सुल्झाउन सक्दछ ? देवपुत्रको यसरी सोधेको प्रश्नलाई भूत, भविष्य र वर्तमानका सबै कुरालाई निर्वाधरुपले जान्ने समन्तचक्षु भगवानले यसरी उत्तर दिनुभयो–



Downloaded from http://www.dhamma.digital

**"सीले पतिपट्ठाय नरो सपञ्जो, चितं पञ्ञंच भावयं ।**
**आतापि निपको भिक्खु, सो इमं बिजटये जटं ॥"**

अर्थात् जो व्यक्ति प्रज्ञावान हुन्छ, वीर्यवान हुन्छ संसारलाई भय नै भय देख्ने (भिक्षु) हुन्छ, ऊ शीलमा प्रतिष्ठित भएर समाधि र प्रज्ञाको भावनागर्दै यस जटा (तृष्णा) लाई सुल्भ्फाउन सक्दछ । अर्कोरुपमा वीर्यद्वारा सततः परिश्रम गरेर प्रज्ञामा होश सम्हालेर, शीलमा प्रतिष्ठित भएर, चित्त र प्रज्ञा अनुसार समथ र विपश्यना भावनाले आफूभित्र दबिएको तृष्णाको जटालाई सुल्भ्फाउन मद्दत पुग्दछ ।

अन्तमा शील, समाधि र प्रज्ञा विशुद्धिमार्ग हो, आर्य अष्टाङ्गिक मार्ग हो । मनुष्यको दुर्लभ जीवनमा यस मध्यम मार्गको अविछिन्न र अटुटरुपमा आत्मसाथ गर्नाले दुःखको जरा तृष्णाको साथै नामरुप निरोध भई चीरसुख र आपरिमित सुखानन्द प्राप्त हुन्छ । यसैले महाकारुणिक शास्ताले संसार निर्माण पक्षमा नभई तृष्णाबाट बिभुक्तिको पक्ष निर्माणलाई सर्वाधिक महत्व र ग्राहयता दिनुभएको हो । ❖

## चार प्रकारका व्यक्तिहरू

**१) गल्ती भएको छ तर, गल्ती भएको छ भनी थाहा नपाउने,**
**२) गल्ती भएको छ र गल्ती भएको छ भनी थाहा पाउने,**
**३) गल्ती भएको छैन तर, गल्ती भएको छैन भनी थाहा नपाउने**
**४) गल्ती भएको छैन र गल्ती भएको छैन भनी थाहा पाउने**

**यी चार प्रकारका व्यक्तिहरू मध्ये पहिलो र तेस्रोलाई हीन (तुच्छ) र दोस्रो र चौथोलाई श्रेष्ठ (राम्रो) व्यक्ति भनिन्छ ।**

- **पहिलो व्यक्तिले गल्ती गरेर पनि गल्ती गरेको महसूस नगर्ने भएकोले उसले पुनः गल्ती गर्नसक्छ ।**
- **दोस्रो व्यक्तिले गल्ती भएको महसूस गरेको हुनाले भविष्यमा ऊ गल्ती गर्नबाट जोगिने छ ।**
- **तेस्रो व्यक्तिलाई गल्ती नभएको थाहा नभएको हुनाले भविष्यमा उसले गल्ती गर्न सक्दछ ।**
- **चौथो व्यक्तिलाई गल्ती नभएको थाहा भएकोले भविष्यमा पनि सतर्क भएर गल्ती गर्नबाट जोगिने छ ।**

*( मज्झिम निकाय )*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) पद्युन्न नकर्मी, असन कमलाछी – रु. ३०००/-
२) बुद्धभूमि महाविहार, टोखा – रु. २०००/-
३) डा. धम्मविजया गुरुमां, निर्वाणमूर्ति विहार, किम्डोल – रु. २०००/-
४) पुष्पाञ्जली रञ्जितकार – रु. २०००/-
५) प्रकाश वीरसिंह तुलाधर, लाजिम्पात – रु. १५००/-
६) सिद्धिभक्त सैंजुको पुण्यस्मृतिमा भक्तिमाया सैंजु, बनेपा – रु. १००५/-
७) बाबुराजा तुलाधर, ग्लाश हाउस, असन – रु. १०००/-
८) भक्तलाल/सूर्यमाया चित्रकार, मैत्रीदेवी – रु. १०००/-
९) मचाकाजी महर्जन – रु. १०००/-
१०) आसा मरु डंगोल – रु. ५७५/-
११) केशचन्द्र शाक्य, बनेपा – रु. ५००/-
१२) ज्ञानलक्ष्मी स्थापित, थायमदु, न्हूबहाः – रु. ५००/-
१३) कृतिलक्ष्मी स्थापित, नयाँबजार, सोह्रखुट्टे – रु. ५००/-
१४) अनिलतारा ताम्राकार, बानेश्वर – रु. ५००/-
१५) भाग्यदेवी तुलाधर, तुंछे गल्ली, यँ, भन्तेहरूलाई भोजन तथा बालआश्रमलाई भोजन प्रदान तथा लुगा वितरण, शान्तादेवी श्रेष्ठ, बनेपा, भन्ते हरूलाई भोजन तथा बाल आश्रमलाई भोजन प्रदान ।
१६) ईश्वरदास मरिकःमि – रु. ३००/-
१७) आसव – रु. ५०५/-
१८) शान्ति महर्जन/विष्णु – रु. ५००/-
१९) देवराज जोशी – रु. ५००/-
२०) महिला पुचः – रु. ४००/-
२१) ज्यानमाया श्रेष्ठ – रु. २००/-
२२) प्रसन्त डंगोल – रु. २००/-
२३) आनन्दकुमारी श्रेष्ठ – रु. २००/-
२४) प्रदेशी – रु. २१०/-
२५) मोहनमाया – रु. २००/-
२६) सानुकान्छा डंगोल – रु. २००/-
२७) माया श्रेष्ठ – रु. २००/-
२८) विशनारायण – रु. ११०/-

***आजीवन सदस्य –***

२९) दीपेन्द्र बनिया – रु. ५५००/-
३०) सागर तुलाधर – रु. ५५००/-

***आजीवन वार्षिक भोजन प्रदान गर्ने दाता –***

३१) दिव्यरत्न डंगोलको जन्मदिनको उपलक्ष्यमा - ज्ञानरत्न डंगोल, दल्लाछि – रु. १५०००/-



Downloaded from http://www.dhamma.digital

# सफल होइन असल मान्छेको खाँचो

✍ डा. गोविन्द टण्डन

सफलता नचाहने को होला ? सबै चाहन्छन् तर त्यसअनुरुप कार्यक्षेत्रमा डट्ने मानिसको सँधै कमी भइरहेको हुन्छ । धैर्यसाथ निरन्तर लागिरहनेको अभाव हरेक क्षेत्रमा खट्किँदै गइरहेको अनुभव जोकोहीले गरेको हुनुपर्छ । हिजोआजको ठूलो समस्या मानिसलाई आजको भोलि नै केही भइहाल्नुपर्छ, केही पाइहाल्नुपर्छ । अधैर्यले वा भनौं हतार गरिँदा यावत् काम बिथोल्छ, बाधा पुग्छ भन्ने उनीहरू बुझ्दैनन् । सबैतिर हतार, व्यग्रता, चञ्चलता देखिँदैछ । खासगरी हिजोआजका युवार्गमा त अझ बढी अन्योल र अलमल पाइन्छ । सही रुपले बाटो देखाउने व्यक्ति, मार्गदर्शकको कमी उनीहरू अल्मलिनुको प्रमुख कारण रहेको छ भने अर्कोतिर सही संगत, सही संस्कारको कमी पनि त्यत्तिकै साझेदार छ यसका लागि । कुनै निश्चित कार्यमा लागेको व्यक्ति पनि जे जसरी हुन्छ सफलता प्राप्त गरेरै छोड्नुपर्छ भनेर दायाँबायाँ कतै नहेरी सीधा अघिल्तिर मात्र देखिएको कामकुरामा एकोहोरो लागेको अनुभव हुन्छ । सफल वा ठूलो मान्छे मात्र होइन, असल कसरी बन्ने कसरी बनाउने भन्नेतर्फ त कमैको ध्यान गएको पाइन्छ । वर्तमान शिक्षा ठूलो र सफल मान्छे उत्पादन गर्नेतर्फ क्रियाशील छ । डाक्टर, इन्जिनियर, नेता, सांसद, मन्त्री प्रशासक बन्नेतिर सबै केन्द्रित छन् । त्यसो भयो भने प्रशस्त पैसा कमाइन्छ । पैसा कमाएपछि समाजमा औकात बढ्छ, इज्जत हुन्छ, प्रतिष्ठा हुन्छ भन्ने धारणाले व्यापकता पाएको छ । मानिसले बुझेर पनि बुझ पचाइरहेका छन् कि आजको समाज, राष्ट्र र विश्वलाई सफल मान्छेको भन्दा असल मानिसको आवश्यकता परेको छ ।

यत्रतत्र सर्वत्र सफल मानिसकै होडबाजीले गर्दा नै हुनुपर्छ– असल मान्छेहरू, गुणी र महनीय व्यक्तित्व ओझेलमा पर्दै गएका छन् । भव्य भवन, मोटर, मनग्य बैंक ब्यालेन्स, आधुनिक परिधानले सजिएर चटक्क परेर सभा, समारोह वा देशविदेशमा घुम्न सकिने हैसियत प्राप्त भयो भने त्यस्तोलाई ठूलो मान्छे भन्ने चलन समाजमा बढ्दै जान थालेको छ । चरित्र, नैतिकता जेसुकै होस्, सम्पन्नता भए पुग्छ भन्ने जस्तो प्रवृत्तिले समाजमा जरा गाडिरहेको देखिनु दुःखदायी छ । ठूलो मान्छे कहिनुमा उसको बाहिरी आवरण लुगा, आभूषण र धन सम्पन्नताले मद्दत गरिरहेको हुन्छ । मानिसले यो बुझेका छैनन्– जस्तोसुकै नराधम, काम नलाग्ने पत्रु व्यक्ति पनि बाहिरी खोलस्वरुप त्यस्ता आवरणले ढाकिएर हिँड्न सक्छ । एकछिनका लागि कसैलाई अल्मल्याउन सक्छ, तर त्यस्ता व्यक्तिहरूबाट न समाज, न देश, न विश्वका लागि नै कुनै उपादेयताको आशा गर्न सकिन्छ । त्यस्ता मान्छेसँग जे-जति भौतिक साधन हुन्छन्, ती सबै उसकै र परिवारका लागि मात्र उपयोगमा आउँछ परहितका लागि आउँदैन । त्यस्तो किसिमको ठूलो मान्छेसँग अकूत सम्पत्ति होला तर सँगै झुपडीमा बस्ने वा अभावमा बाँचेको छिमेकीप्रति दया, माया, स्नेह, आत्मीयता उसमा जाग्दैन । आफ्नो लागि पुगे भयो बस् । अरू भोकै मरुन् कि अभावले ग्रस्त हुन्, मतलब राख्दैन । साँच्चै भन्ने हो भने यस्ता व्यक्तिमा मानवीय संवेदना नै हुँदैन भनिदिए हुन्छ । कसैलाई मद्दत गरेर मैले के पाउँछु भन्ने प्रतिपश्नले सेवा, उपकारका कार्यबाट त्यस्ता व्यक्तिलाई सँधै बञ्चित तुल्याइरहेको हुन्छ । असल मानिसहरू विपन्न होलान् तर उनीहरूसँग कुनै करोडपतिसँग भएभन्दा बढी सेवाभाव हुन्छ ।

मानिसलाई मात्र होइन, सम्पूर्ण प्राणीजगत्लाई माया, स्नेह, करुणा दर्शाउने उसको स्वभावहुन्छ । असल मानिसमा सबैप्रति सद्भाव रहेको हुन्छ ।यो फलानो देशको, ऊ फलानो रङ्ग वा वर्ण वा जातको मैले उसलाई किन मद्दत गर्ने ? मेरो देश वा जातिको होइन भन्ने भाव कदापि आउँदैन त्यस्ता व्यक्तिमा । असल मानिसमा विशाल हृदय हुन्छ, उदारता हुन्छ र परोपकारी स्वभाव हुन्छ । संकुचित र संकीर्ण भएर सानो हृदयले असल व्यक्तिले काम गर्दैन । ऊ सबैलाई आफ्नो देख्छ । पराया कोही पनि हुँदैन उसको लागि । जानेर होस् वा नजानेर आध्यात्मिकताले त्यस्ता व्यक्तिहरू परिपुष्ट भएका हुन्छन् । चाहिनेबाहेक नचाहिने कुरा कहिल्यै गर्दैनन्



Downloaded from http://www.dhamma.digital

त्यस्ता व्यक्तिले । अर्काको टीकाटिप्पणी, चुक्ली, मन दुखाउने कुरा न मनले चिताउँछ न कर्म र वचनले गर्छ। आँखामा राखे पनि नबिझाउने मानिस भनेकै वास्तवमा यस्तै असल मानिस हुन्छन् । यस्तै व्यक्तिलाई भनिन्छ– सर्वोत्कृष्ट। असल मानिसमा अनुशासन हुन्छ, शिष्टाचार हुन्छ, विनयशीलता हुन्छ, आफूभन्दा ज्येष्ठप्रति आदर, सम्मान हुन्छ, ऊ लटरम्म फल फलेको रुखजस्तै गुणहरूले गर्दा झुकेको हुन्छ । घमण्ड, अहंवादिता, वडप्पनको लेससम्म पनि पाइँदैन त्यस्ता व्यक्तिमा । आफ्नो कर्तव्यकर्मप्रति सदैव सचेत हुन्छ, गर्न हुने र गर्न नहुने कामको स्पष्ट पहिचान वा सीमारेखा उसले तयार पारेको हुन्छ। भ्रष्टाचार, घूसखोरी, अर्कालाई ठग्ने, छल्ने, ढाँट्ने, दुःख दिने प्रवृत्ति त्यस्तो व्यक्तिमा कत्ति हुँदैन । असल मानिस कुनै देशविशेष वा धर्मविशेषमा मात्र हुन्छ भन्ने पनि छैन । देश, काल, सीमामा बाँधिएको हुँदैन– असल मानिस । यतिचाहिँ अवश्य हो – असल मानिस पाउनु गाऱ्हो छ । शिला खोजेसरह छ । यस्तो किन भइरहेको छ त भन्दा असल मानिसको तयारीका लागि कहीँकतै प्रयासै भएन। न संस्कार दिन सकियो न शिक्षा नै दिन सकियो यस विषयमा ।

केवल सफल र ठूलो मानिसको तयारीको धून चलेको छ सर्वत्र । यो कुनै अमूक देश र फलानो देश भन्ने छैन सबैतिर एउटै रट लागेको छ । मात्रै शैली फरक होला वा तौरतरिका फरक होला । तयारीको सूत्र एउटै छ । वातावरण अनुकूल नहुञ्जेल झट्ट हेर्दा सबै असल जस्तो लाग्न सक्छ तर असल व्यक्तिअनुकूलको वातावरण भेट्टाए पनि प्रतिकूलको कार्य गर्ने मौका मिल्यो भनेर त्यसमा फस्दै-फस्दैन । असल मानिसको पहिचान सूक्ष्म दृष्टि भएको व्यक्तिले मात्र गर्न सक्छन् । झट्ट हेर्दैमा यो असल र खराब भनेर छुट्ट्याउन सकिने होइन । लामो संगत र व्यवहारबाट मात्र असल र खराबको परख गर्न सकिन्छ। असल मानिस सदैव एउटा निश्चित आदर्शको स्थापनामा समर्पित भइरहेको हुन्छ। उसको प्रत्येक क्रियाकलापमा स्वार्थ होइन, महानता लुकेको हुन्छ, विशालता परिवेष्ठित भएको हुन्छ। असल मानिस बोलेर होइन गरेर देखाउन मन पराउँछ। जेजति कार्य उसले सम्पादन गरिरहेको हुन्छ, ती सबै परहितका लागि हुन्छ, परोपकारका लागि हुन्छ र सेवाभावले परिलक्षित भएको हुन्छ । असल मानिस कुनै प्रकारको कुलत र दुर्व्यसनमा फसेको हुँदैन, म र मेरो परिवार राम्रो भए पुगिहाल्यो अरु जेसुकै हुन्, मरुन् कि बाँचून् भन्ने संकीर्णता उसले राख्दैन । पहिले अरुको सेवा त्यसपछि मात्रै मेरो र घरपरिवाको भन्ने भावले काम गरिरहेको हुन्छ त्यस्ता व्यक्ति। मलाई सानो घाउ लाग्यो भने दुख्छ, त्यस्तै अरुलाई पनि दुख्छ भनेर अर्काको हत्या, बलि, भाकल, हिंसा गर्न तम्सिँदैन । किनभने अरुको अस्तित्व स्वीकार्नुमै आफ्नो अस्तित्व छ भन्ने उसले सम्झेको हुन्छ। कसरी हुन्छ अरुलाई बचाउन र बाँच्न दिन सदैव ऊ लागिरहेको हुन्छ । हिंसाले प्रतिहिंसा जन्माउँछ भन्ने कुरालाई उसले राम्ररी बुझेको हुन्छ । मन, वचन र कर्ममा कतै हिंसा भाव नआओस् भनेर सदैव सचेत र सावधान हुन्छन् त्यस्ता व्यक्तिहरू ।

असल व्यक्ति कसैको बोझ बन्न चाहँदैन तथा कसैलाई बोझ दिन पनि चाहँदैन । उसो भए असल मानिस मर्त्यलोकमा पाइँदैनन् कि क्या हो जस्तो लाग्न सक्छ कत्तिलाई । त्यसो होइन । असल मानिसहरूकै प्रतापको कारणले अहिलेसम्म यो विश्व-ब्रह्माण्ड बस्नलायक छ नत्र उहिल्यै नरक भइसक्ने थियो। सत्य, इमान आज सबैले चाहिरहेका छन् सफल र ठूलो मान्छेमा सत्य, इमान होला या नहोला विचारै गर्नुपर्छ तर असल मानिसमा ती गुण अपरिहार्य छ। ती गुणहरूको हरेक क्षेत्रमा त्यत्तिकै आवश्यकता छ। यदि तिनको अभाव भयो भने सम्झेहुन्छ अब यो पृथ्वी बस्नलायक छैन । यसैले हाम्रा हरेक चेष्टा असल मानिसहरू कसरी तयार गर्न सकिन्छ ? त्यसका लागि के गर्नु उपर्युक्त होला भन्ने तिर लाग्नु अपेक्षित छ। असल मानिस तयार गर्ने कुरा कुनै कारखानामा बिस्कुट वा कपडा उत्पादन गरेजस्तो सजिलो छैन । त्यसका लागि घर, परिवार, समाज र राष्ट्रमा त्यसैअनुकूलको संस्कार एवं संस्कृति हुनुपर्छ । विकृतिलाई संस्कृति सम्झेर अँगालो हालुञ्जेल सुसंस्कारले ग्राह्यता पाउँदैन। सुसंस्कार स्वभाविक रुपले घरघरको प्रवृत्ति नबनुञ्जेल करबल वा दबाबले असल संस्कार मानवीय स्वभाव बन्न सक्तैन । हातमा लाठो लिएर सुसंस्कार बनाउन र फैलाउन सकिने विषय होइन ।



Downloaded from http://www.dhamma.digital

यसको लागि त घर, परिवार र समाजको संस्कार र वातावरण त्यही अनुकूलको हुनु अपरिहार्य छ ।

असल मानिसको आवश्यकता अहिले हरेक क्षेत्रमा त्यत्तिकै खाँचो पर्दै गएको छ । असल एवं कुशल राजनीतिज्ञ भएको भए देशमा यो अन्योल र अन्यमनस्कताको अवस्था आउने थिएन, असल प्रशासकहरूकै अभावमा अनेकथरी विकृतिहरू (घूसखोरी, भ्रष्टाचार र भोलिवादले टाउको उठाउँदै गएको छ, असल इन्जिनियरहरूकै अभावमा चार वर्षमा बिग्रनुपर्ने सडक चार महिमा भत्किँदै छ, भवन असमयमै भत्किरहेका छन् । असल डाक्टरहरूकै अभावमा रोगीहरूले राम्ररी उपचार पाइरहेका छैनन् । असल शिक्षक, असल अध्यापककै अभावले हो विद्याको मन्दिरमा अनेक विकृति र विसंगतिले ठाउँ पाएका छन् । सफल नेताहरू, सफल योजनाकारहरू त भए असल नेता तथा असल योजनाकारहरूको अभावले भूस्वर्गस्वरुपको देश अन्धकारको गतीमा अनायास फसिरहेको छ । कुन क्षेत्रमा असल मानिसको आवश्यकता नहोला ! सफल हो इन असल मानिसहरूको आवश्यकता हिजो थियो, आज छ, भोलि पनि त्यत्तिकै रहनेछ ।

*(साभार- 'अन्नपूर्ण पोष्ट' २०६९ असार ३० गते, शनिवार)*

## *(धर्मकीर्ति गतिविधि)*

# बुद्धपूजा कमिटीया प्रतिवेदन

बुद्ध धर्मया जःनेपाः मिया नुगलय् खय्काः दुखँ मुक्तगु लँपुई छ्वय्गु निंतिं स्थापना जूगु धर्मकीर्ति विहारं धात्थें हे नेपाः मिपिन्त आमिस पुजाया नापनापं प्रतिपति पुजाय् नं उलि हे श्रद्धा पूर्वक न्ह्यःन्हयः वने फुगु धर्मकीर्ति विहारया छगू बल्लागु थां कथं बुद्ध पूजा कमिटीं तिबः बिया च्वंगु जुल । लच्छिया ५ क्वः बुद्ध पूजा, स्वदेश व विदेशया बौद्ध विद्वान भन्ते गुरुमांपिं नापं थुगु धर्मकीर्ति विहारया हे छम्ह छम्ह गुरुमां पिनिगु पाखें थी थी सवालं सार गर्भित एवं व्यवहारिक जीवन सुथांलाका यंकेत मदेक मगाःगु बुद्धया शिक्षायात सरल रुपं न्ह्याइपुक्क कना बिज्याईगुलिं थुगु बुद्ध पूजाय् वइपिं ज्याथः जिथिपिन्त मेगु छुं याय् मफुसां बुद्ध शिक्षायात नुगलय् वायेक थःगु दैनिक जीवन सुख पूर्वक हना यंकेत छगू तःधंगु वासः जुया च्वंगु दु नापं जीवनया छगू तःधंगु भरोसा नं जुया च्वंगु दु ।

शारीरिक रुपं दुर्वल जूसां मानसिक रुपं एकदम श्रद्धावान जुयाः दान, शील व भावनायात अभ्यास यायेगु छगू कार्यक्षेत्रया रुपय् धस्वाना च्वंगु थुगु धर्मकीर्ति विहार धात्थें सकसिगुं लागि पुण्यक्षेत्र जूगु दु ।

सुव्यवस्थित रुपं दुगु थुगु धर्मकीर्ति विहारया धम्म हलय् जायक उपासक उपासिकापिं थितुं थीक च्वनाः बुद्ध गुण, धर्म गुण, संघ गुण नापनपां बुद्ध पूजाया सः न्यने बलय् गुलि न्ह्याईपुस्य च्वं । बुद्धपूजा धुंकाः थःगु पहःचहः बांलाका यंके मा गुली जोड बिसें धर्मदेशना न्यने दई बलय् धात्थें हे मनुष्य जन्मया सवाः कयागु थें ताईगु खः ।

अय् जुयाः थुगु धर्मकीर्ति विहारपाखें जुइगु थीथी ज्याभ्वःत सीमित क्षेत्रय् जक लिमकुसें अझ ब्यापक रुपं न्ह्याका यंकाः अझ अप्पो सित बुद्धया दुःखं मुक्तगु लँपुई पलाः छिकेकु कुतः याये माःगु खने दु ।

## *(धर्मप्रचार समाचार)*

# थेरवाद बुद्धिष्ट एकेडेमीको समुद्घाटन सम्पन्न

*२०६९ भाद्र २ गते, शनिवार*

*स्थान- विश्व शान्ति विहार, मीनभवन*

नेपालमा पहिलोपटक थेरवाद बुद्ध धर्ममा स्नातकोत्तर कक्षा सञ्चालन भएको छ । थेरवाद बुद्धिष्ट एकेडेमीको नामले चिनिएको यस शिक्षण संस्था मित्रराष्ट्र म्यानमारका प्रकाण्ड विद्वान (The International Association of Theravada Buddhist Universities) का अध्यक्ष तथा अग्गमहापण्डित श्रद्धेय भिक्षु डा. ञाणिस्सर महास्थविरबाट समुद्घाटन भएको थियो । उक्त एकेडेमीका संस्थापक अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर हुनुहुन्छ ।



Downloaded from http://www.dhamma.digital

# लाभ सत्कारया लँपु व निर्वाणया लँपु वहे मखु

✍ धम्मवती

**अञ्ञाहि लाभू पनिसा अञ्ञा निब्बाण गामिनी ।**
**एव मेतं अभिञ्ञाय भिक्खु बुद्धस्स सावकोति ।**
**सक्कारं नाभिनन्देय्य विवेकं मनु ब्रूहये ॥**

अर्थ– लाभ सत्कार प्राप्त यायेगु लँपु मेगु हे, निर्वाण प्राप्त यायेगु लँपु मेगु हे धका थ्वीका बुद्ध शासने च्वं च्वम्ह भिक्षु समाज पाखें लाभ सत्कार दयेकगु वास्ता मयासे विवेक बुद्धि पूवकं जीवन हनेगु स्वयेमाः ।

च्वे च्वंगु गाथा धम्मपदे उल्लेख जुया च्वंगु उत्तमगु बुद्ध वचन खः । थ्व बुद्ध वचन भिक्षुपिन्त जक धया तगु धका समझे ज्वीगु विवेक बुद्धी मदुगुयाचिं जू वनि । भगवान बुद्धं आपलं याना भिक्षु पिन्त न्वाना थें याना उपदेश बिया बिज्यागु त्रिपिटके खने दु । झी उखान छगू नं दु– **"म्ह्याय्यात ब्वःबिया भौसिखे यायेगु"** धयाथें बुद्धं भिक्षुपिन्त ब्वोबिया गृहस्थितेत शिक्षा बिया तःगु खने दु । अथे धका भगवान बुद्धं न्वाय् मायक भिक्षुपिसं छुं ज्या मयाः धायेगु ठीक ज्वी मखु । छाय धाःसा विनय पिटक साछि दु बुद्धया पाले भिक्षुपिनिगु जीवन गुलि तक पवित्र जू मजु धयागु । विनय पिटक स्वयायंके बले धम्मपदे बुद्धं धया बिज्याथें भिक्षुपिं नं लाभ सत्कार प्राप्त यायेगु पाखे ध्यान बिया च्वंपिं मदुगु मखु ।

थौं झीगु समाजे नं धर्म कर्म यायबले– **"इदम्मे पुञ्ञं आसवक्खया वहं होतु, निब्बाणस्स पच्चयो होतु"** अर्थात् थ्व पुण्यं आस्रव क्षय ज्वीमा, निर्वाण लाभया निंतिं हेतु ज्वीमा धया च्वनी, हाला च्वनी तर ज्या धाःसा निर्वाणया लागी मजूसें मेगु हे जुया च्वनी । निर्वाणया लागी ज्या याना च्वंपिं पतिं निना ल्याखाय्त हे मगा धयां अपो खँ ज्वी मखु । बरु न्ह्यागु याना नं लाभ सत्कार बढे यायेगु जक ज्या याना च्वनीपिं व कल्पना याना च्वनिपिं अपो खने दु । गथेकि पुत धाधां मकः माःज्वीपिं जक आपा । पुत हा हां मकः माः जुया च्वंतल्ययात गुबलें छुँ शान्ति प्राप्त ज्वी मखु अथवा आनन्दमय जीवन हने फै मखु । तानो धका बा पुत धका सीकाः लः मावने सःसा तिनि शान्ति व आनन्द दै अले जीवन सिच्चुसे च्वनी ।

थ्व खँ थ्वीका कायेया लागी छगू उपमा बीगु मती तया । धायनु तालजुया स्वभाव बराबर यायेगु वा अन्याय मज्वीगु ज्या यायेगु । उकिं पसल्यां छुं वस्तु मी बले लना बी पँल बा बाँल लना बीत छखे धः तइ मेखे मी मागु वस्तु तइ । वस्तु अपोतलकि धः दुगु तालजुपाः थाहाँ वनी । माल मगात धायवं धः दुगु तालजुपाः कुहाँवनी मतलव निखें बराबर ज्वी मखु । अथे हे धयाथें लाभ व शान्ति तालजुइ तया लनेबले बराबर ज्वी मखु । छखे थाहाँ वनी अले मेखे कुहाँ वनी । मेकथं धाय् माल धाःसा भौतिक सुख व आध्यात्मिक सुख तालजुइ तया लना स्वःसा बराबर जुइ मखुः भौतिक सुखे वा लाभ सत्कार बढे यायेगु पाखे जक भुले जुल धाःसा आध्यात्मिक सुख कुहाँवनी । मन चिन्तां मुक्त ज्वी मखु । व्यक्तित्व उन्नति ज्वी मखु । उकिं धन व मेमेगु वस्तुत यक्व दयेवं जक मने सुख दइ आध्यात्मिक सुख दइ धका आशा यायेगु पाय्छि मजू । तर अपो मनूतसें धयाच्वन धन वा ध्यबा दत धाःसा छु जक मदु, छु जक याय् मफु धयागु मदु ? न्ह्यागुं याये ज्यू । ध्यबा दुमेसित सुनां छु धायफु ? धात्थें धायमाल धाःसा थथे कल्पना यायेगु ठीक मजू । छाय् कि ल्यूने ल्यूने व धा थ्व धाः मदयेक धायका च्वने मागु जीवन छु जीवन ? धन दयेवं सुख व आनन्द दु धाय्गु नं पायछि मजू । भौतिक उन्नति जू जक धायुफु तर आध्यात्मिक सुख दु धाय मछिं ।

आध्यात्मिक सुख दयकेतला धन जक दयां मगाः । प्रज्ञा वा विवेक बुद्धि व त्याग चेतना माः । प्रज्ञा व त्याग चेतना दत धायवं धनयात माः थाय् मछयोसे माया यानाः सुचुका तइ मखु । धनयात बाँलाक छ्यलाच्वनी । धन दुथें बाँलाक छ्यले मसलकि व धनंयानाः स्वामदुगु कलह, कचवँ व ल्वापु पिहाँ वइ असन्तोष फैले ज्वी । सहयोग धयागु दै मुख । थः छ्यूँ च्वंपिसं हे मनं खना ज्या याइ मखु । अले धन जक दयेवं गथे आध्यात्मिक सुख दु धायेगु ? उकिं धन यात बाँलाक छ्यले सयके माः । भिंथाय व माथाय खर्च याय् सयेकेगु प्रज्ञामाः धका धया तगु । मखुसां मनूत तृष्णाय् जक लाना च्वनी ।

प्रज्ञा धयागु अथें दयावइगु चीज मखु । न्ह्याम्हसिकें दइगु नं मखु । गुम्ह मनूयाके श्रद्धा -चक्कंगुनुगः) त्याग चेतना व वीर्य (उत्साह) आदि गुण धर्म दइ वयाके हे जक प्रज्ञा धयागु दै । नुगः स्यामेसिके प्रज्ञा दैमखु । ईर्ष्या दुपिंके त्याग चेतना दइ मखु । उकिं त्याग व प्रज्ञा अले धन मुंकेगु इच्छा तालजुइ तया लना स्वत धाःसा बराबर ज्वी मखु । अथेहे झीनं निर्वाण सुख माल धका हाला च्वंसानं नुगः यचु मजुतले झीपिं लखे द्यंने चिकं थें जक जुया च्वनी । लाभ सत्कार पाखे लगे जुलकि मन व न्ह्यपु थातं च्वनी मखु । मनया न्ह्याबले लिमलाना च्वनी । छाय् धाःसा ध्यबा अप्पो दयावो लिसे गन तया गथे याना धनया सुरक्षा याये ? गनतःसा ठीक ज्वी ? धुकुति तयां जी ला ? ब्यांके तयां जी ला ? सुयातं बिया अपो ब्याज वइला ? मेपिन्त बी बले पचेयाना नइला ?



Downloaded from http://www.dhamma.digital

कि मखुसा जग्गा न्याना छ्यँ दना बालं तया ध्यवा कमाय् याना जी ला ? इत्यादि पीर ज्वीका च्वने माली ।

छखे धन दयेवं थथे चिन्ता व पीर ज्वीगु खःसा ध्यबा मन्तकि नं समाजं पत्या मयाइगु पीर जक मखु थःम्हं मफइबेल वासः तकनं यायेे मफइला ? थःथिति पिन्त नखत्या सते मफइला, फलनागु ज्या वइ बले गथे याना तरे यायेगु धकाः नं पीर ज्वीका च्वने माली यो । गथे कि तालजुइ धः भ्यातुसा वस्तु दुगु तालजुपाः थाहाँवनी वस्तु भ्यातुसा धःदुगु तालजुपाः थाहाँवनी वस्तुदुगु कुहाँ वनी बराबर ज्वी मखु । बाइलेंस मिले जूसा जक तालजु पायूछि ज्वी । अथे हे झीगु जीवने नं थःत मागु पायछि ज्वीक चूलासा, दयाच्वंसा अथवा आम्दानी खर्च मिले जूसा जक आध्यात्मिक सुख दै । हानं त्याग चेतना दयेका प्रज्ञा यात न्ह्योने तयाः ज्या याय् फयक्य माः । न्ह्यपु व मन छथासं लाकाः ज्या याना यंक्य माः । अले आध्यात्मिक सुख दै । अथे मखुसा कमाय् याये गु व मुंकेगु जक ध्यान जुल धाःसा मने शान्ति गुबलें दइ मुख । ईर्ष्या व तृष्णा जक बढे जुया च्वनी ।

भगवान बुद्धं बोधि ज्ञान लाय् धुंका नीदं तक बुद्ध शासन बाँलाक शान्त पूर्वक चले जुया च्वन । छाय् धाःसा बुद्ध शासने च्वं च्वंपिं भिक्षुपिं लाभ सत्कार दयकेगु पाखे ध्यान मवं । आपा वस्तु मुंकेगु इच्छा मया । लिपा श्रद्धावान पिनि अपो भक्ति भावनां यानाः यक्व वस्तुत दान बी यंकल लाभ सत्कार दयावोबले ल्वापु व कचवं पिहां वल । थुकिं सीदु धन सम्पत्ति दयवं आध्यात्मिक अशान्ति दैगु मखु ।

आध्यात्मिक सुख दयकेया लागी छुयाय्माः धयागु खँ थ्वीकाबीया लागी उपमा छगू बी गथे कि सिमा छमा पित धाःसा लःनं बीमाः साःनं तया बी माः । तर लः व साःजक अपो जुल धाय्वं सिमाया हानापं झना वनेयो । उकिं बुद्धं भिक्षुपिन्त धया बिज्यागु लाभ सत्कार दयेकेगु पाखे ब्वाँय् वने मते । लाभ सत्कार पाखे ध्यान वनकि त्याग, शील व भावना छखेलाना बुद्ध शासनया हा झना वनी धयागु भय खना हे वसपोलं लाभ सत्कारया लँपु मेगु हे, निर्वाणया लँपु मेगु हे धया बिज्यागु खँ । लः व साः दहेमन्त धायवनं सिमागना वनेयो । उकिं बुद्धं थथेनं आज्ञा जुया बिज्यागु ज्वी– गिहीहि पब्बजितानं चतुपच्चयेहि उपट्ठापेतब्बा अर्थात् गृहस्थीतसें त्यागी प्रव्रजित पिन्त नयेगु, पुनेगु व वासः आदि पदार्थ पुरे याना सेवा याययमाः । थ्व प्यंगू वस्तु पुरे जूथे विवेक बुद्धिपूर्वक त्याग शील जुया जीवन हने फःसा जक निर्वाण प्राप्त ज्वी । लाभ जक इच्छायाना व आशायाना जुल धाःसा निर्वाण झन् झन् तापाना वनी । लाभ सत्कार धयागु आशा जक याना दैगु मखु । थःथगु ज्या बाँलाकाः मत्ति भिंकाः आचरण भिंका यंकल धाये वं अथें दैगु खः । नुगः जक क्वाटा क्वाटा मुइका च्वना दइगु पत्ति मखु । उकिं लाभ सत्कार व निर्वाणया लँपु छगू हे मखु ।

*(साभार- 'धर्मकीर्ति - वैशाख पुन्हि' २५१९ बुद्ध जयन्ती)*



*संघनायक भिक्षु अश्वघोष महास्थविरको ८६ औं जन्मोत्सवको उपलक्ष्यमा सञ्चालित वाल चित्रकला एवं लेखन कला प्रतियोगितामा विजयी प्रतियोगी वालवालिकाहरूका साथ भिक्षु अश्वघोष एवं निर्णायक र आयोजक परिवार*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

**अपरिहानीय धर्म ...**

*२०६९ आषाढ २३ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाई तुलाधर*

भगवान बुद्धले वज्जीहरूको सन्दर्भमा मात्रै होइन अरु विभिन्न प्रसङ्गहरूमा पनि पटक पटक अपरिहानीय धर्महरूको वारेमा देशना गर्नुभएको छ । भगवानले एक पटक भिक्षुहरूको लागि निम्न सातवटा अपरिहानीय धर्मको वारेमा उल्लेख गर्नुभएको थियो जुन गृहस्थहरूको लागि पनि सान्दर्भिक छ–

१) भिक्षुहरू एकत्रित भएर बस्नुपर्छ। उनीहरूमा एकता भएसम्म बुद्धशासन स्थिर रहन्छ ।

२) करकापले होइन मेलमिलाप सहित एकत्रित हुनुपर्छ। मैत्री करुणा मुदिता उपेक्षा भाव हुनुपर्छ।

३) प्रज्ञापन गरिएका विनय, अनुशासनलाई भिक्षुहरूले रक्षा गरिराख्नुपर्छ ।

४) ज्येष्ठ भिक्षुहरूलाई आदर, गौरव राखेर संवोधन गर्नुपर्छ ।

५) भिक्षुहरू सांसारिक तृष्णाको वशमा रहनु हुँदैन । आफूलाई प्राप्त भएको वस्तुहरूमा सन्तोषी हुनुपर्दछ र चाहिने जति मात्रै राख्नुपर्छ, संग्रह गरेर राख्नु हुँदैन ।

६) भिक्षुहरू एकान्तवासी भएर अन्तरमुखी हुनुपर्छ । कोलाहलपूर्ण ठाउँमा बस्नु हुँदैन ।

७) सब्रह्मचारी धर्म पालन गरिरहेका आगन्तुक भिक्षुहरूलाई उचित वासस्थान दिनुपर्दछ ।

एकअर्को प्रसङ्गमा भगवानले निम्न सातवटा अपरिहानीय धर्मको बारेमा बताउनु भएको थियो–

१) चीवर पहिरन र खानामा आशक्ति नराख । चीवर अथवा लुगा लगाउनु शरीरको रक्षा गर्नको लागि मात्रै हो राम्रो देखिनको लागि होइन । त्यस्तै स्वस्थ रहेर बाँच्नलाई चाहिने जति मात्रै खाना खाने हो, स्वादमा रमाउनको लागि होइन ।

२) निद्रा, आराम बढी नगर । बढी निद्राले आलस्यता बढ्छ । अल्छी नहोउ ।

३) नचाहिने कुरा नगर, बढी कुरा नगर । अनावश्यक फाल्तु कुराले नराम्रो परिस्थितिको श्रृजना हुने गर्दछ ।

४) हुलमुल, भीडमा नबस । यसले सकारात्मक भन्दा नकारात्मक प्रभाव पर्छ ।

५) पापकर्म गर्ने इच्छा नजगाउ । मन, वचन र कायबाट पापकर्म नगर । संधै सजग सचेत भएर बस ।

६) पापमित्रको संगत नगर्नु । कल्याणमित्र जसले सतर्क गर्छ, गल्ति देखाइदिन्छ उसको संगत गर्नु ।

७) मार्गफल प्राप्त गर्नको लागि निरन्तर प्रयत्नशील होउ ।

भगवानले देशना गर्नु भएको अपरिहानीय धर्महरूको राम्ररी पालना गरे भिक्षु, गृहस्थ सबैको अभिवृद्धि हुनेछ । हानी, नोक्सानी हुने छैन । यी उपदेशहरू बुद्धको समयमा जति महत्वपूर्ण थियो आज पनि उत्तिकै महत्वपूर्ण छन् ।

*२०६९ आषाढ ३० गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाइ तुलाधर*

भगवान बुद्धले भिक्षु र गृहस्थहरूको समुन्नतिको लागि निम्न सातवटा अपरिहानीय धर्महरू पनि बताउनु भएको छ–

१) शिक्षापदमा श्रद्धालु – भिक्षुले आफ्नो प्रत्येक कृयाकलाप शिक्षापद अनुसार गर्नुपर्छ । सानोतिनो भनेर उल्लंघन गर्नुहुँदैन ।

२) हिरि अर्थात् लज्जा – सानो गल्ती हुँदा पनि मनमा लज्जाको भाव आयो भने पछि फेरि त्यही गल्ती दोहोरिंदैन ।

३) ओतप्प अर्थात् डर – नराम्रो, अकुशल कर्म गर्न डर मान्यो भने कुसंस्कार बन्दैन । हिरि र ओतप्पको कारणले शील पालन गर्न मद्दत पुऱ्याउँछ ।

४) बहुश्रुत – जसको भए पनि यदि राम्रो कुरा हो भने ध्यान दिएर सुन्नुपर्छ । सुनेर नै ज्ञान आर्जन हुन्छ, भ्रम निवारण हुन्छ । सुन्ने वेलामा पुर्वाग्रही चाहिं हुनुहुँदैन ।

५) कुशल कार्यको निरन्तरता – धर्मको कार्य एक चोटी गरेर पुग्दैन । सानो ठूलो नभनिकन निरन्तर गरीरहने प्रयत्न गर्नुपर्दछ ।

६) स्मृतिवान – यहाँ स्मृति शब्द सम्झनाको अर्थमा प्रयोग गरिएको छ । आफूले गरेको राम्रो नराम्रो



Downloaded from http://www.dhamma.digital

कामहरूलाई सम्झेर नराम्रो भए फेरि नगर्ने, राम्रो भए फेरि गर्ने गर्नुपर्दछ ।

७) प्रज्ञावान – ज्ञानमात्रै भएर हुँदैन, विवेक पनि हुनुपर्दछ। विवेकपूर्ण ज्ञान नै प्रज्ञा हो। प्रज्ञा भएसम्म भिक्षु संघको उन्नति हुन्छ ।

बोधिज्ञान प्राप्तिको लागि पूरा गर्नुपर्ने सातवटा बोज्झङ्ग अथवा बोध्यङ्ग (बोधि+अङ्ग) लाई पनि भगवानले अपरिहानीय धर्मको रुपमा बताउनु भएको छ। सप्तबोध्यङ्ग यसरी छन् :

१) स्मृति संबोध्यङ्ग – यहाँ चाहिं स्मृति शब्दले सजग, सचेत, सतर्क भएर होशपूर्वक रहनुलाई जनाउँछ। आफूले गर्ने कायिक, वाचिक, मानसिक कार्ममा स्मृतिवान् भइरहन सक्यो भने दुष्कर्म हुनुबाट जोगिन्छ ।

२) धम्मविचय संबोध्यङ्ग – कुनै पनि कुरालाई जस्तो देखिन्छ त्यही रुपमा मात्रै नलिएर त्यसलाई राम्ररी विश्लेषण गरेर यथार्थ रुपमा हेर्नुपर्दछ। धम्मविचयको अर्थ अलग अलग गरेर हेर्नु हो ।

३) वीर्य संबोध्यङ्ग – उत्साहित भएर कुशल कर्ममा लागि रहनुपर्छ । चित्तलाई निर्मल पार्नको लागि निरन्तर प्रयत्न र परिश्रम गर्नुपर्दछ ।

४) प्रीति संबोध्यङ्ग – ध्यान भावना गर्दै जाँदा सोमनस्स चित्त उत्पन्न हुन्छ, प्रीति सुखको अनुभव हुन्छ । दान गर्दा पनि मानसिक सुख हुन्छ। बोधि प्राप्तिको लागि यस्तो मानसिक सुखको अनुभव हुनु एउटा आवश्यक अङ्ग हो ।

५) प्रश्रब्धि संबोध्यङ्ग – क्लेश कम हुँदै गए पछि एक किसिमको विशेष शान्तिको अनुभव हुन्छ जसलाई प्रश्रब्धि भनिन्छ। यो पनि एउटा आवश्यक बोध्यङ्ग हो ।

६) समाधि संबोध्यङ्ग – कुशल, राम्रो कुरामा चित्तलाई एकाग्र गर्ने । माथिको पाँचवटा संबोध्यङ्गहरूले समाधि संवोध्यङ्गलाई पुष्ट गर्न मद्दत पुऱ्याउँछ ।

७) उपेक्षा संबोध्यङ्ग – प्रतिकूल परिस्थितिमा पनि प्रतिकृया नगरिकन समता भाव राख्न सक्नुपर्छ । विपश्यना ध्यान भावनाबाट सिकाउने मुख्य कुरा नै कसरी उपेक्षा अथवा समता भाव पुष्ट गर्न सकिन्छ भन्ने नै हो ।

भिक्षु र गृहस्थ दुवैले सप्तबोध्यङ्गलाई बलियो गर्दै लान सके उसको हानी नोक्सानी हुँदैन, अभिवृद्धि हुँदै जानेछ ।

## धर्मकीर्ति विहारमा बौद्ध परियत्ति शिक्षा पुरस्कार वितरण



*परियत्ति पुरस्कार प्राप्त गर्न सफल विद्यार्थीहरू प्रमाणपत्र र पुरस्कार प्रस्तुत गर्नुहुँदै प्रसन्न मुद्रामा*

*२०६९ भाद्र २ गते, शनिवार । स्थान- धर्मकीर्ति विहार*

धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रबाट वि.सं. २०६८ सालमा सञ्चालित बौद्ध परियत्ति परीक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ । चमेली गुरुमांको सभापतित्व एवं पञ्चवीरसिंह तुलाधरको प्रमुख आतिथ्यमा प्रफुल्ल कमल



Downloaded from http://www.dhamma.digital

ताम्राकारले सञ्चालन गर्नुभएको उक्त सभामा लोचनतारा तुलाधरले स्वागत भाषण गर्नुभएको थियो भने चमेली गुरुमांले धर्मकीर्ति परियत्ति शिक्षाको केन्द्रको वि.सं. २०६८ को प्रतिवेदन पढेर सुनाउनु भएको थियो। त्यसपछि धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट परियत्ति परीक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो। पुरस्कार वितरण गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

पञ्चवीर सिंह तुलाधर, सिद्धार्थमान तुलाधर र श्याममान वज्राचार्य।

प्रमुख अतिथि पञ्चवीर सिंह तुलाधरले आफ्नो मन्तव्य व्यक्त गर्नुभएपछि रीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा चमेली गुरुमांले सभापतीको आसनबाट सभा विसर्जन गर्नुभएपछि सभामा उपस्थित सहभागीहरू सबैलाई मीना तुलाधरले जलपानको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गर्नुभएको थियो।

पुरस्कार वितरण कार्यको लागि दाता हुनुभई सहयोग गर्नुभएका व्यक्तिहरूको नामावली यसरी प्राप्त भएकाछन्–

| क्र. सं. | दाताको नाम | कैफियत | सहयोग विवरण |
|---|---|---|---|
| १ | पञ्चवीर सिंह तुलाधर, लाजिम्पाट | | रु. २५,०००।०० |
| २ | प्रकाशवीर सिंह तुलाधर | पटक पटक गरी जम्मा | रु. १९,५००।०० |
| ३ | पल्पसा तुलाधर | | रु. १५००।०० |
| ४ | कर्णदेवी पुचः | | कापी नौ दर्जन र ८० वटा डटपेन |
| ५ | पूर्णहेरा पुचः | | आठ दर्जन कापी |
| ६ | न्हुच्छेमाया | | छ दर्जन कापी |
| ७ | श्याममान बज्राचार्य | | २२ थान भगवान मूर्ति |
| ८ | राजेश श्रेष्ठ | | २०० वटा बौद्ध दर्पण पुस्तक |
| ९ | रीना तुलाधर | | ८० वटा गुरु दक्षिणा पुस्तक |
| १० | बुद्धपूजामा आउने उपासको पासिकाहरूबाट | संकलन गरिएको | रु. ७४००।०० |

## धर्मकीर्ति विहारमा गुँलापर्व एकमहिना बुद्ध पूजा र धर्मदेशना

*(२०६९ श्रावण ५ गते देखि भाद्र २ गतेसम्म)*

| क्र. सं. | मिति | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | २०६९ श्रावण ५ | चमेली | चमेली |
| २ | २०६९ श्रावण ६ | चमेली | चमेली |
| ३ | २०६९ श्रावण ७ | चमेली | चमेली |
| ४ | २०६९ श्रावण ८ | केशावती | केशावती |
| ५ | २०६९ श्रावण ९ | केशावती | केशावती |
| ६ | २०६९ श्रावण १० | रमावती | पञ्ञावती |
| ७ | २०६९ श्रावण ११ | रमावती | पञ्ञावती |
| ८ | २०६९ श्रावण १२ | पञ्ञावती | पञ्ञावती |
| ९ | २०६९ श्रावण १३ | इन्दावती | इन्दावती |
| १० | २०६९ श्रावण १४ | इन्दावती | इन्दावती |
| ११ | २०६९ श्रावण १५ | वण्णवती | त्यागवती |
| १२ | २०६९ श्रावण १६ | त्यागवती | त्यागवती |
| १३ | २०६९ श्रावण १७ | सुवण्णवती | दानवती |
| १४ | २०६९ श्रावण १८ | क्षान्तीवती | दानवती |
| १५ | २०६९ श्रावण १९ | सुवण्णवती | मेत्तावती |
| १६ | २०६९ श्रावण २० | अमता | मेत्तावती |
| १७ | २०६९ श्रावण २१ | वीर्यवती | वीर्यवती |
| १८ | २०६९ श्रावण २२ | वीर्यवती | वीर्यवती |
| १९ | २०६९ श्रावण २३ | सुखवती | शुभवती |
| २० | २०६९ श्रावण २४ | शुभवती | सुखवती |
| २१ | २०६९ श्रावण २५ | सुखवती | सुखवती |
| २२ | २०६९ श्रावण २६ | शुभवती | सुखवती |
| २३ | २०६९ श्रावण २७ | रमावती | रमावती |
| २४ | २०६९ श्रावण २८ | रमावती | अमता |
| २५ | २०६९ श्रावण २९ | अमता | वण्णवती |
| २६ | २०६९ श्रावण ३० | वण्णवती | दानवती |
| २७ | २०६९ श्रावण ३१ | मणिवती | क्षान्तीवती |
| २८ | २०६९ श्रावण ३२ | वण्णवती | मणिवती |
| २९ | २०६९ भाद्र १ | रमावती | पञ्ञावती |
| ३० | २०६९ भाद्र २ | चमेली | चमेली |



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहार संरक्षण कोषको नवौं वार्षिक साधारण सभा सम्पन्न

*प्रस्तुती- रीना तुलाधर*

धर्मकीर्ति विहार संरक्षण कोषको नवौं वार्षिक साधारण सभा गत श्रावण ६ गते शनिवार धर्मकीर्ति विहारको धम्महलमा संघनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा सम्पन्न भयो ।

कोषका उपाध्यक्ष चमेली गुरुमांबाट स्वागत मन्तव्य दिंदै धर्मकीर्ति विहारलाई भविष्यसम्म सुरक्षित गरेर राख्न धर्मकीर्ति विहार संरक्षण कोष जस्तो संस्थागत व्यवस्था हुनु अति महत्वपूर्ण छ भन्नुभयो ।

सभापति भिक्षु अश्वघोष महास्थविरबाट देवा बत्ति बाली सभाको उद्घाटन गर्नुभएपछि सभाको प्रतिवेदन तथा एजेण्डाहरू प्रस्तुत हुने क्रम जारी भयो । सबभन्दा पहिले सचिव मीना तुलाधरबाट गएको मिटिङ्गको माइन्युट प्रस्तुत गर्नुका साथै प्रस्तावित एजेण्डाको संशोधन तथा छलफलको प्रस्ताव राख्नुभयो । उहाँले गएको वर्षभरिमा भएको कोषको गतिविधि प्रस्तुत गर्नुका साथै धम्मवती गुरुमांको स्वास्थ्य उपचारमा दान दातव्य दिनु हुने दाताहरू उपचारमा संलग्न डाक्टरहरू तथा अरू सहयोग गर्ने श्रद्धालुहरूको नाम उल्लेख गर्दै साधुवाद दिनुभयो। हालसम्ममा कोषको आजीवन सदस्य संख्या ४७९ पुगेको पनि उल्लेख गर्नुभयो ।

कोषाध्यक्ष रीना तुलाधरले आ.व. २०६७/६८ को अडिट रिपोर्ट तथा आ.व. २०६८/६९ को मोटामोटी हिसाब प्रस्तुत गर्नुभयो ।

सचिव तथा कोषाध्यक्षको वार्षिक प्रतिवेदन पछि धर्मकीर्ति विहार, धर्मकीर्ति विहार संरक्षण कोष अन्तर्गतका विभिन्न एकाइहरूको वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै आगामी वर्षका लागि तय गरिएको प्रस्तावित कार्यक्रमहरूको जानकारी दिनुभयो । धर्मकीर्ति स्वास्थ्य कमिटीको तर्फबाट रोशनकाजी तुलाधरले, धर्मकीर्ति पत्रिकाको तर्फबाट चिनीकाजी महर्जनले, धर्मकीर्ति पब्लिक इमेजको तर्फबाट भिक्षुणी पञ्ञावतीले धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको तर्फबाट प्रेमलक्ष्मी तुलाधरले वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । धर्मकीर्ति पब्लिक इमेज एकाई गठन हुनुभन्दा अगाडि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उपकमिटीको रुपमा सञ्चालन भएको धर्मकीर्ति अडियो भिजुएल कमिटी सञ्चालन हुँदै कुनै कोष नभएपनि सिडि, भिसिडि बिक्री वितरणबाटै प्रवाहित कोषको (Flow Fund) रुपमा कार्यहरू भएको जानकारी अध्ययन गोष्ठीको पूर्व सचिव रमा कंसाकारले दिनुभयो ।

धर्मकीर्ति बुद्धपूजा कमिटीको प्रतिवेदन धनबहादुर नकर्मीको प्रतिनिधिको रुपमा इन्द्रकुमार नकर्मीले प्रस्तुत गर्नुभयो । उहाँले बुद्धपूजा कमिटी कुनै औपचारिक कमिटीको रुपमा नरहेतापनि विहारमा हुने बुद्धपूजा धर्मदेशनाबाट उमेर पुगेका धैरै उपासक उपासिकाहरू लाभान्वित भएको कुरा ठूलो महत्वको रहेको कुरामाथि प्रकाश पार्नुभयो ।

धर्मकीर्ति विभिन्न एकाइहरूको प्रतिवेदनको क्रमपछि धर्मकीर्ति विहारको शाखा विहारहरूको प्रतिवेदन पेश गर्ने क्रममा सुलक्षणकीर्ति विहारको तर्फबाट भिक्षुणी अनोजाले यस विहारमा भइरहेको नियमित गतिविधिको उल्लेख गर्नुको साथै 'शान्ति सुधम्मावास' नाममा वृद्धाश्रम बनाउने ठूलो योजना गरिरहेको जानकारी दिनुभयो ।

धर्मकीर्ति बसुन्धरा विहारको तर्फबाट प्रीतिवति गुरुमांबाट यस विहारमा बुद्धपूजा परियत्ति शिक्षा अध्यापन तथा ध्यान शिविरहरू सञ्चालन, रक्तदान, आँखा दान कार्यक्रम, बौद्धस्थल भ्रमण नियमित भइरहेको आदि गतिविधि बारे जानकारी दिनुभयो ।

निर्वाणमूर्ति विहारको तर्फबाट सचिव अमृतमान ताम्राकारले यस विहारमा गुँलामा हुने सामूहिक ध्यान, बाला चर्तुदशी दिनमा हुने पाठ, धर्मचक्र दिवसमा महासमय सूत्र पाठ, पट्ठान पालीपाठ आदि उल्लेख गर्नुभयो साथै यस विहारको भौतिक संरचना वृद्धि गर्न दान गर्ने द्रब्यमान सिं तुलाधर, राजेश श्रेष्ठज्यूहरूलाई साधुवाद दिनुभयो ।

प्रतिवेदन प्रस्तुतपछि धन्यवाद मन्तव्य कोषका कार्यकारिणी सदस्य अगम्यरत्न कंसाकारले दिनुभयो । सभाको अन्तमा सभापति भिक्षु अश्वघोषबाट ओवाद उपदेशका साथै सभा विसर्जन गर्नुभयो । नवौं वार्षिक साधारण सभा कार्यक्रमको सञ्चालन कोषका सह-सचिव प्रफुल्ल कमल ताम्राकारले गर्नुभएको थियो । साधारण सभामा कोषका एक नयाँ कार्यकारिणी सदस्य उद्योगरत्न तुलाधरलाई नियुक्त गरियो । त्यस्तै अडिटर श्यामलाल चित्रकारको नियमितता माथि अनुमोदन गरियो ।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध मासिक पत्रिकाको वार्षिक प्रतिवेदन

## नाफा नोक्सान हिसाव

(२०६८ वैशाख देखि चैत्र मसान्तसम्म)

*प्रस्तुती- चिनीकाजी महर्जन*

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | कागज खर्च | १०७,२५८।०० | १ | ग्राहक शुल्क | १०४,६००।०० |
| २ | छपाई खर्च | १५३,६९०।०० | २ | विज्ञापन आम्दानी | ६८,९६०।०० |
| ३ | मशलन्द खर्च | ३,४६३।०० | ३ | ब्याज प्राप्त | १०२,६८७।९६ |
| ४ | हुलाक खर्च | ६,३६६।०० | ४ | दान वा चन्दा | १,२४०।०० |
| ५ | ढुवानी खर्च | २,६३५।०० | ५ | पत्रिका बिक्री | १,०२०।०० |
| ६ | कार्यालय खर्च | ४,००१।०० | ६ | नपुग रकम पूँजीमा घटाएको | ८०५।०४ |
| ७ | फुटकर खरिद | २००।०० | | | |
| ८ | विशेष सदस्य फ्रेम | १,७००।०० | | | |
| ९ | बाँकी रकम पूँजीमा सारिएको | | | | |
| | जम्मा | २७९,३१३।०० | | जम्मा | २७९,३१३।०० |

## धर्मकीर्ति बौद्ध मासिक

## वासलात

(२०६८ चैत्र मसान्तसम्म)

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | पूँजी | ९२८७८०।४१ | १ | नेपाल बैंक लि., कान्तिपथथ | १९,६०३।५६ |
| २ | विशेष सदस्य | ३९,९६१।०० | २ | नेपाल बैंक लि., क्षेत्रपाटी | १४,५७६।२५ |
| ३ | बाँकी रकम पूँजीमा सारिएको | (८०५।०४) | ३ | मुद्दती खाता | ८००,०००।०० |
| | | | ४ | सि.एम.वि. फाइनान्स | ८६,०५८।४१ |
| | | | ५ | कागज मौज्दात | ४२,१४३।१५ |
| | | | ६ | सानो नगदीकोष | ४,५५५।०० |
| | | | ७ | धरौटी | १,०००।०० |
| | जम्मा | ९६७,९३६।३७ | | | ९६७,९३६।३७ |

## भूलसुधार

धर्मकीर्ति पत्रिका वर्ष ३०, अंक ४ मा धर्मकीर्ति पत्रिका विशेष सदस्य क्र.सं. ७२१ मा साजन मानन्धर हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्चाई पढ्नहुन अनरोध छ ।

**ब्यवस्थापक धर्मकीर्ति पत्रिका**



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध मासिक

## सन्तुलन परीक्षण

(२०६८ वैशाख देखि चैत्र मसान्तसम्म)

| क्र.सं. | विवरण | डेबिट रकम | क्रेडिट रकम |
|---|---|---|---|
| १ | नेपाल बैंक लि., कान्तिपथ | १९,६०३।५६ | |
| २ | नेपाल बैंक लि., क्षेत्रपाटी | १४,५७६।२५ | |
| ३ | सि.एम.वि. फाइनान्स | ८६,०५८।४१ | |
| ४ | कागज मौज्दात | ४२,१४३।१५ | |
| ५ | नगद (सानो नगदी कोष) | ४,५५५।०० | |
| ६ | पूँजी | | ९२८,७८०।४१ |
| ७ | धरौटी | १,०००।०० | |
| ८ | मुद्दती खाता | ८००,०००।०० | |
| ९ | कागज खर्च | १०७,२५८।०० | |
| १० | छपाई खर्च | १५३,६९०।०० | |
| ११ | मसलन्द खर्च | ३,४६३।०० | |
| १२ | हुलाक खर्च | ६,३६६।०० | |
| १३ | ढुवानी खर्च | २,६३५।०० | |
| १४ | फुटकर खरिद | २००।०० | |
| १५ | कार्यालय खर्च | ४,००१।०० | |
| १६ | कमिशन | | |
| १७ | फ्रेम (विशेष सदस्य) | १,७००।०० | |
| १८ | ग्राह शुल्क | | १०४,६००।०० |
| १९ | विज्ञापन | | ६८,९६०।०० |
| २० | दान तथा चन्दा | | १,२४०।०० |
| २१ | विशेष सदस्य | | ३९,९६१।०० |
| २२ | ब्याज आम्दानी | | १०२,६८७।९६ |
| २३ | पत्रिका बिक्री | | १,०२०।०० |
| | | १,२४७,२४९।३७ | १,२४७,२४९।३७ |

## धम्मवती गुरुमां स्वास्थ्य परिक्षणको लागि भारत प्रस्थान

धर्मकीर्ति विहारका संस्थापिका एवं धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष पूजनीय धम्मवती गुरुमां दिल्लीस्थित वि.एल. कपूर मेमोरियल अस्पतालमा स्वास्थ्य परिक्षण गर्नको लागि २०६९ श्रावण २८ गतेका दिन काठमाडौंबाट प्रस्थान हुनुभएको थियो । दिल्लीबाट प्राप्त समाचार अनुसार हेमोग्लोविनको मात्रामा केही कम भएको हुनाले उहाँलाई १ प्वाइन्ट रगत चढाइएको र सो पश्चात् केमोथेरापी दिइएको थियो ।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति स्वास्थ्य कमिटीको वार्षिक प्रतिवेदन

**२०६८ श्रावण १ देखि २०६९ आषाढ ३१ सम्मको आय–व्यय हिसाव यसप्रकार छ –**

| क्र.सं. | आम्दानी | रकम रु. मा | क्र.सं. | खर्च | रकम रु. मा |
|---|---|---|---|---|---|
| १ | एक्प्रेस सेभिङ्ग एण्ड क्रेडिट कोपरेटीभबाट | ५०,०००।०० | १ | दि. कुमार काश्यप भन्तेलाई | २०,०००।०० |
| २ | एक्प्रेस सेभिङ्ग एण्ड क्रेडिट कोपरेटीमबाट | १५,५००।०० | २ | अश्वघोष भन्तेलाई | ८०००।०० |
| ३ | रोयल मर्चेण्ट बैंक एण्ड फाइनान्स लि. | ७०,०००।०० | ३ | औषधि खरीद | १५७५।०० |
| ४ | बिरामी दर्ताबाट | १४१०।०० | ४ | डाक्टरहरूलाई D/A | ४२००।०० |
| | | | ५ | सत्कार BLK | ५३००।०० |
| | | | ६ | अभिनन्दन | ५०००।०० |
| | | | ७ | रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्समा जम्मा | १००,०००।०० |
| | | | ८ | विविध | ८५०।०० |
| | | | | जम्मा | १४४९२५।०० |
| | | | | भुक्तानी हुन बाँकी | – ८०१५।०० |
| | जम्मा रु. | १३६९१०।०० | | कूल जम्मा | १३६९१०।०० |

**नगद मौज्दात बचत खातामा**

| क्र.सं. | जम्मा गरेको ठाउँको नाम | रकम रु. मा |
|---|---|---|
| १ | एक्प्रेस सेभिङ्ग एण्ड क्रेडिट कोपरेटीभबाट | ५६६८३।२५ |
| २ | रोयल मर्चेण्ट बैंक एण्ड फाइनान्स लि. | १३९६४९।२८ |
| ३ | नेपाल बैंक लिमिटेड | १६४०४।५१ |
| | जम्मा | २,१२७३७०४ |

### धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं. ७२२*

**विनय पलांचोके**

काभ्रे, बनेपा

रु. १०००/–

*क्र.सं. ७२३*

**सन्जु शाक्य**

कुमारीपाटी, ललितपुर

रु. १०५०/–

*क्र.सं. ७२४*

**लक्ष्मणउदास शाक्य**

चण्डोल-४, विशालनगर, काठमाडौं

रु. १०००/–

*क्र.सं. ७२५*

**नन्दावती गुरुमां**

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

संखमूल, काठमाडौं

रु. १०००/–

*क्र.सं. ७२६*

**विणा महर्जन**

संखमूल, काठमाडौं

रु. १०००/–

*क्र.सं. ७२७*

**निलन मानन्धर**

खुसिबु नयाँबजार, काठमाडौं

रु. १०००/–



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारका सम्वन्धन प्राप्त शाखा विहारहरूबाट प्राप्त वार्षिक प्रतिवेदनहरू

## निर्वाणमूर्ति विहार किम्डोलको वार्षिक प्रतिवेदन

*२०६८ श्रावण २०६९ असार*

विगत धेरै वर्ष देखि यस विहारबाट अविछिन्नरुपमा विहारका संस्थापक धर्मचारी गुरुमांको पुण्य तिथि अनुरुप प्रत्येक महिनाको कृष्ण त्रयोदशीको दिन मासिक बुद्ध पुजा गरी जलपान, भोजन दान र प्रत्येक महिनाको ७ गते आनन्दकुटी विहार भिक्षु संघलाई भोजन दानको कार्यक्रमलाई निरन्तरता दिइआएको छ भने गत वर्ष विहारबाट सम्पन्न कार्यक्रमहरूको संक्षिप्त विवरण निम्नअनुसार रहेको छ ।

२०६० साल देखि निरन्तर रुपमा सञ्चालन भइरहेको कार्यक्रम अन्तर्गत विहारका अध्यक्ष भिक्षुणी धम्मवती गुरुमांको शुभजन्मोत्सवको अवसरमा गत वर्ष भदौ महिनामा ३ दिनसम्म बौद्ध धर्मसभा एवं अभिधम्म अन्तर्गतको पट्ठान पाठ सम्पन्न भएको छ भने गुरुपूर्णिमाको दिन धर्मकीर्ति विहार श्रीघःमा सकल भन्ते गुरुमां र उपासकोपासिकाहरूलाई जलपान गराउने काम सम्पन्न भएको छ ।

गुँला धर्मको एक महिना प्रत्येक दिन सामुहिक ध्यान भावना र साप्ताहिक परियत्ती कक्षा सञ्चालन गरियो ।

पूजापाठकै क्रममा प्रत्येक वर्ष झैं २०६८ सालको वाला चर्तुदशीका दिन आफ्नादिवंगत ज्ञाती वन्धुहरू प्रति मैत्री एवंम् पूण्य प्रवाह गर्न विहान देखि बेलुकासम्म मेत्तशुत्त पाठ गरी सोही अवसरमा ७७ वर्ष पार भैसकेका सबै ज्येष्ठ गुरुमांहरूलाई महाथेरी पूजा गरी सम्मान गरियो ।

ज्येष्ठ पूर्णिमाको दिन धर्मचक्र प्रवर्तन दिवसको शुभदिन महासमय सुत्त पाठ गरियो ।

भौतिक कार्य तर्फको प्रगतिलाई दृष्टिगत गर्दा यस विहारको लागि गत वर्ष २०६८ उल्लेखनीय रहेको छ ।

विहारको भौतिक संरचना विकाश क्रममा वि.सं. २०६४ सालको चैत्र महिनामा असन दगु बहाल निवासी दानवीर उपासक श्री द्रव्यमानसिंह तुलाधर (भाइराजा साहुको) अनुदानमा निर्वाणमूर्ति स्थापित मन्दिर भवनको पुनः निर्माण कार्य थालनी गरी कुशीनगर शैलीको धम्महलमा बुद्धगया शैलीको चैत्य समायोजन गरी तयारी भएको भवन २०६८/०९/२१ मा संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको शुद्धकरकमलबाट समुद्घाटन पश्चात् दानानुमोदनको काम सम्पन्न भयो ।

भिक्षुणी गुरुमांहरूको मैत्रीभाव तथा दाताहरूको पारमिताले विहार निर्माणको सोपानमा थप एक अर्को खुड्किला स्वरुप २०६६ सालमा काठमाडौं, सितापाइला निवासी अर्को दानवीर श्री राजेश श्रेष्ठज्यूबाट विहारको पूर्वोत्तर कुनामा रहेको पुरानो भवनलाई पुनः निर्माण गरी २ तल्लाको आवासयोग्य भवन स्थापना भई उक्त भवनको दानानुमोदन सम्पन्न भयो र सो भवनले गर्दा विहारमा बृद्धि हुँदै गरेको आवासिय गुरुमांहरूको लागि निवासस्थान एवंम् उपासक, उपासिकाहरूको लागि भोजन गृहको वृद्धि हुन गएको छ ।

उल्लेखित ३ भवनहरूको अतिरिक्त यसै अवधिमा निर्वाणमूर्ति भवनको पूर्वतर्फ दाता श्रीमती ज्ञानदेवी तुलाधरबाट एक तथा श्रीमती सावित्री मानन्धर परिवार बाट एक गरी दुईवटा अति कलात्मक प्रस्तर चैत्यको स्थापना भएबाट विहार परिसरलाई धार्मिक दृष्टिकोणले अझ बढी सुशोभित तुल्याइएको छ । आजको मितिसम्म विहारको चोकमा ढुङ्गा छाप्ने, दाछि अप्पाको गेट, ग्रील सहितको कम्पाउण्ड वाल, रङ्ग रोगनको काम आदि सम्पन्न भैसकेको छ भने मुल भवनको तेस्रो तल्लामा तथागतको मूर्ति सहितको ध्यानहल तयार भैसकेको छ ।

माथि उल्लेखित भवनहरूको समुद्घाटन पश्चात् गत् २०६८ चैत्र २३ गते विहार दाता द्रव्यमान साहुजीबाट निर्वाणमूर्ति विहार परिसरमा सम्पन्न महापरित्राण पाठमा भन्ते गुरुमांहरू लगायत हजारौंको संख्यामा उपासकोपासिकाहरूको सहभागिता रहे ।

गत वर्षको कार्यक्रमलाई स्मरण गर्दा अतिनै पिडादायी तर विहार परिवारले विर्सन नसकिने कार्यक्रमहरू मध्ये दिवंगत आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ४५ दिनको पुण्य तिथिमा दिवंगत भन्ते प्रति श्रद्धाञ्जली स्वरुप २०६९/१२/२८ का दिन



Downloaded from http://www.dhamma.digital

निर्वाणमूर्ति विहारको बुद्धहलमा सयौं भन्ते गुरुमां, उपासक, उपासिकाहरूको सहभागितामा अनित्य स्मरण सभा सम्पन्न भयो । सो दिन श्रद्धाञ्जली सभाका साथै भन्ते, गुरुमांहरूलाई भोजन एवं संघदान पनि प्रदान गरियो ।

अन्तमा यस विहारले गत वर्ष हासिल गरेको प्रगतिको क्रममा सो वर्ष विहारको आजीवन/विशेष सदस्य संख्या ३५० पुगेको छ ।

**धर्मकीर्ति बसुन्धरा विहार, धापासीको वार्षिक प्रतिवेदन**

१) प्रत्येक महिनाको तृतीया तिथिमा बुद्धपूजा, धर्मदेशना (१५ दिनको एकपल्ट) गुरुमांहरूलाई भोजनदान ।
२) प्रत्येक हप्ता विहीवार एक दिवशिय ध्यान कार्यक्रम ।
३) वाल ध्यान शिविर सञ्चालन ।
४) ऋषिणी प्रव्रज्या ।
५) आँखा दान, रक्तदान कार्यक्रम ।
६) बौद्ध परियत्ति शिक्षा कक्षा सञ्चालन ।
७) प्रौढ बौद्ध परियत्ति शिक्षा कक्षा सञ्चालन ।
८) गुँला धर्मदेशना ।
९) बौद्ध धार्मिक स्थल भ्रमण ।

**सुलक्षणकीर्ति विहारको वार्षिक प्रतिवेदन**

१) प्रत्येक महिनाको २ पटक (परेवा तिथि) बुद्धपूजा र धर्मदेशना ।
२) प्रत्येक महिनाको २ पटक स्वास्थ्य शिविर सञ्चालन ।
३) सुगत सन्देश पत्रिका प्रकाशन ।
४) पुस्तक (धर्म शिक्षा सम्बन्धी) प्रकाशन ।
५) ऋषिणी प्रव्रज्या ।
६) बौद्ध परियत्ति कक्षा सञ्चालन ।
७) ध्यान शिविर ।
८) बुद्ध धर्मदेशना सम्बन्धी काक्षा सञ्चालनतर्फ प्रशिक्षण ।
९) वर्मा, थाइल्यैण्ड, श्रीलंका, मलेसिया, सिंगापुर भ्रमण ।
१०) लुम्बिनी तीर्थयात्रा भ्रमण ।
११) बाढीपीडितलाई वस्त्र दान ।
१२) BLIA को तर्फबाट लम्जुङ्गमा बुद्धपूजा, धर्मदेशना ।
१३) बौद्ध परियत्ति विद्याथीहरूलाई पुस्तक, लुगा, औषधि, कापी र कलमहरू वितरण ।
१४) २६ रोपनी जग्गा सुलक्षणकीर्ति विहारलाई प्राप्त ।
१५) प्रत्येक शनिवार बौद्ध परियत्ति कक्षा सञ्चालन ।
१६) पुस्तकालय निर्माण ।
१७) हरेक वर्षको कार्तिक एक महिना ध्यान, धर्मदेशना, बुद्धपूजा र जलपान भोजन दान ।

**पट्ठान पाठ सम्पन्न**

*२०६९ भाद्र ७,८ र ९ गते*

*स्थान- किमडोल विहार, निर्वाणमूर्ति ।*

शासनधज धम्माचरिय, अग्गमहा गन्थवाचक पण्डित धम्मवती गुरुमांको ७९ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य कामना गर्दै किमडोल विहार (निर्वाणमूर्ति) परिवारले भाद्र ७ गते देखि ९ गते सम्म २४ जना गुरुमांहरूको तर्फबाट पट्ठान पाठ सम्पन्न गराइएको थियो । उक्त कार्यक्रममा धर्मदेशना र धर्मकीर्ति ज्ञानमाला भजनबाट भजन प्रस्तुत गरिएको थियो ।

## धर्मकीर्ति विहार संरक्षण कोषया वार्षिक प्रतिवेदन

(१) वि.सं. २०६८ साल वर्ष भरि १५ औं कार्यकारिणी बैठक, छगु आकस्मिक बैठक व थौं २०६९ श्रावण ६ गते वार्षिक साधारण सभा सम्पन्न जुल ।

(२) पुलाँगु धर्मकीर्ति विहारया कोठा दाता हेरादेवी कंसाकार २०६८ साल भाद्र १५ गते विहीवार दिवंगत जुया दीगु जुल वयकःया गुण स्मरण निर्वाण कामना यासे २०६८ आश्विन ६ गते अष्टमीया दिनं बुद्धपूजा श्रद्धाञ्जली सभा यानागु जुल ।

(३) २०६८ साल मंसीर २४ गते मिलापुन्हिया दिनस धर्मकीर्ति विहारया विशेष कार्यक्रम दथुइ संघनायक भिक्षु अश्वघोष महास्थविर व उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविर भन्तेपिन्त अभिनन्दन याय्गु ज्या सम्पन्न जुल । स्वास्थया कारणं ज्याभ्वलय् उपस्थित जुया बिज्याये मफुम्ह कुमार भन्तेयात वसपोल च्वना बिज्यागु बुद्ध विहारय् सचिव मीना तुलाधर व श्रद्धेय इन्दावती गुरुमां बिज्याना



Downloaded from http://www.dhamma.digital

अभिनन्दनपत्र लः ल्हाय्गु ज्या जुल ।

नेपालया छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर तथा उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविर बुद्ध शासनिक योगदानयात कदर याना नेपाल भिक्षु महासंघया तत्वावधानय् संलग्न विभिन्न संघ संस्थापिनि सहभागिताय् अभिनन्दन समारोह लय् धर्मकीर्ति विहार पाखें न सहभागी जुयागु जुल ।

उपसंघनायक भन्ते कुमार काश्यप २०६८ फागुन १४ गते दिवंगत जुल । बुद्ध शिक्षा प्रचारय् अमूल्य यो गदान विया बिज्याम्ह भन्ते कुमार काश्यप दिवंगत जुया बिज्यागुलिं बुद्ध शासनय् छगू धिसिलागु थां मदुगु नेपाःमि तय्त महशुस जुल ।

अध्यक्ष धम्मावती गुरुमां स्वास्थ्योपचार शिलशिलाय् २०६८/०४/०७ गते नर्भिक हस्पिटलय् सफलतापूर्वक शल्यक्रिया सुसम्पन्न जुल । गुरुमांयात हस्पिटले च्वना बिज्याबले सम्पूर्ण खर्च व शल्यक्रिया याबले जूगु सम्पूर्ण खर्च थुगु कोषया उपाध्यक्ष श्रद्धालु दाता द्रव्यमानसिंह तुलाधरं व्यहोरेयाना दीगु खः । गुरुमांयात शल्यक्रियापूर्ण जिम्मेवार कया दिइपिं डा. प्रदीप वैद्य, डा. सुदीप श्रेष्ठज्यू व सम्पूर्ण आर्थिक भार व्यहोरेयाना दिम्ह उपाध्यक्ष द्रव्यमानसिंह तुलाधरज्यूपिन्त २०६८ माघ १ गते आइतवार बुद्धपूजा अभिनन्दनपत्र लःहाय्गु ज्या जुल ।

अध्यक्ष धम्मवती गुरुमांया स्वास्थ्योपचारया शिलशिलाय् गुरुमांया थप स्वास्थ्य परीक्षणया लागि Delhi स्थित B.L. Kapoor Memorial Hospital य् २०६८ कार्तिक ३ गते विहिवार बिज्यात । वस्पोलया साथय् डा. उजित कर्माचार्य, नर्स रम्मावती गुरुमां, सुवर्णवती गुरुमां, मदनरत्न मानन्धर, रोशनकाजी तुलाधर, बरदेश मानन्धर, सुजाता शाक्य, उद्योगरत्न तुलाधर पिं नं भ्राःगु खः थुगु कोषया सह कोषाध्यक्ष अजयरत्न स्थापितज्यूं गुरुमांपि रम्मावती व सुवणवतीया हवाइ टिकट खर्च व्यहोरेयाना दीगु खः उपाध्यक्ष द्रव्यमान सिं तुलाधरज्यूं १ लाख नगद प्रदान याना दीगु खः । धर्मकीर्ति स्वास्य कमिटी पाखें १,२०,०००/– एकलाख बिस हजार, अगम्यरत्न कंसारका पाखें १०,००० IC, वरदेश मानन्धरज्यूं धम्मवती गुरुमांया हवाइ टिकट व अस्पतालय् गुरुमांया स्वास्थ्योपचारे जूगु सम्पूर्ण खर्च व्यहोरे याना दीगु खः ।

२०६८ पुष ९ गते B.L. Kapoor Memorial Hospital या गुरुमांयागु पूर्ण जिम्मेवार कयाः स्वास्थ्यो पचार याना दिम्ह डा. रङ्गारावयात व श्री विकाशयात सम्मान याय्गुज्या जुल ।

२०६८ फागुन २० गते शनिवार न्हिनय् ३:०० बजे धर्मकीर्ति विहारय् डिल्लीस्थित B.L. Kapoor Memorial Hospital य् गुरुमांयात स्वास्थ्योपचार याना दीम्ह डा. रङ्गरावापाखें अर्बुद रोग सम्बन्धी शिक्षामूलक "टक प्रोग्राम" सुसम्पन्न जुल । साथै अर्बुद रोग जुया च्वंपिं न्याम्ह व्यक्तिपिनि स्वास्थ्य परीक्षणनं जुल ।

बौद्ध जगते ख्याती प्राप्ति बौद्ध विद्वान धर्मकीर्ति विहार संरक्षण कोषया सल्लाहकार लोकदर्शन बज्राचार्य २०६८ चैत्र २३ गते दिवंगत जुयादीगुलिं वसपोलया गुणानुस्मरण स धर्मकीर्ति विहारे २०६९ वैशाख १७ गते आइतवार बुद्धपूजाय् सकल गुरुमां व उपासक उपासिका पिसं वयकःयात निर्वाण लाभज्वीमा धकाः कामनायासे श्रद्धाञ्जली सभा सम्पन्न याःगु दु ।

२०६९ वैशाख १ गते शुक्रवार धर्मकीर्ति विहारे पूज्य धम्मवती गुरुमांया सुस्वास्थ व दीर्घायु कामना याना श्रद्धेय भिक्षु महासंघ पाखें छन्हुया महापरित्राण पाठ सुसम्पन्न जुल । थुगु महापरित्राण पाठया आयोजक विहार पिं थुकथं दुगु जुल । धर्मकीर्ति विहार परिवार, वसुन्धरा विहार परिवार, पद्मकीर्ति विहार परिवार, निर्वाणमूर्ति विहार, सुलक्षणकीर्ति विहार, लुम्बिनी गौत्तमी विहार परि वार आदि खः ।

थेरवादी बुद्ध शासन नेपालया पुर्नजागरण कार्य अतुलनीय योगदान बिया विज्याम्ह भिक्षु बुद्धघोष महास्थविर २०६८ आश्विन ७ गते दिवंगत जुया बिज्यात । वस्पोलया गुणानुस्मरणयासे वस्पोल मदुगु ५ महिना दुबले वस्पोलया शिष्य थुगु कोषया अध्यक्ष धम्मवती गुरुमां पाखे २०६८ फागनु ६ गते, शनिवार ऐतिहासिक मैत्रीपुर महाविहार क्वाःबहालय् बुद्धपूजा कार्यक्रम आयोजना याना बिज्यागु जुल ।

धर्मकीर्ति विहार् २०६८ मंसीरय् पुस्तकालय् कोठाय् तःगोगु लःया ट्यांकि निर्माण जुल । उगु ट्याकिंया लागि सम्पूर्ण खर्च अध्यक्ष धम्मवती गुरुमांनं व्यहोरेयाना बिज्यागु खः । थुगु ज्याया जिम्मा उपासक उद्योगरत्न तुलाधरज्यूं कया दीगु खः ।

स्व. रत्नमञ्जरी गुरुमां पुण्यानुस्मृती थुगुसी नं २०६८ आश्विन २४ गते श्रीघः पुन्हि खुन्हु पट्ठान पाठ सम्पन्न जुल । वस्पोल गुरुमांया जीवित अवस्थाय् संरक्षण कोषय् १,५०,०००/– दाँ तया बिज्यागु खः ।



Downloaded from http://www.dhamma.digital

थुगु पट्ठान पाठ निरन्तर रुपं सञ्चालनयाना बिज्यायृत पुज्य धम्मवती गुरुमांया धर्मकीर्ति विहार संरक्षण कोषया अन्तर्गत Express Saving & Credit य् २०६८/०५/१२ रु. ५,००,०००/– पाँच लाख नगद जम्मा याना विज्यागुजुल। अथेहे वस्पोलय्या मां हिराथकुंया नामं प्रत्येक वर्ष पात्र प्रकाशन याय्त व वस्पोल या मां हिराथकु व अबु हर्षमान शाक्यया गुणस्मरणयासे प्रत्येक वर्ष भोजन याकेत धर्मकीर्ति विहार संरक्षणया अन्तर्गत Express Saving & Credit रु. ५,००,०००/– पाँच लाख जम्मा याना बिज्यागु जुल।

धर्मकीर्ति विहारे भोजन हलया निर्माण कार्य व टायङ्क निर्माण २०६८/६९ सालय् सुसम्पन्न जुल। उकिया निम्ति खर्च रु. १२,३५,४८०/– जूगु जूल आम्दानी विभिन्न श्रद्धालु दाता पाखें चन्दा सङ्कलन जूगु खः। श्रद्धालु दाता द्रव्यमानसिं तुलाधर पाखें ५ लाख श्रद्धालु उपासको पासिका पाखें रु. ३,८५,४८४/– धर्मकीर्ति विहार संरक्षणकोष पाखें ३ लाख श्री लङ्का तीर्थयात्रा पाखें संचित रकम रु. ५०,०००/– समेत याना आम्दानी जम्मा रु. १२,३५,४८०/– दुगु जुल।

श्रद्धेय धम्मवती गुरुमांया आदेश अनुसार धर्मकीर्ति विहारे बसोबास जुया विज्यापिं प्रव्रजित गुरुमांपिनिगु सम्वन्धित नियम तर्जुमा याय्गु २०६९ ज्येष्ठ २१ गते आइतवारया बैठक अनुमोदन जूगु जुल।

धर्मकीर्ति विहार संरक्षण कोषया अध्यक्ष श्रद्धेय धम्मवती गुरुमां ७९ औं जन्मदिंया लसताय् धर्मकीर्ति विहारया धम्महलय् २०६९ आषाढ १४ निसें २१ गते तक भिक्षु महासंघ पाखें पाठ व धम्मदेशना, महायानी लामा गुरु पाखें व बज्रायानी गुरुजु व गुरुमांजु पिनि पाखें पाठ याय्गु ज्या जुसे भ्रःभ्रः धायेक क्वचाःगु जुल। थुगु अभिधर्म पाठ निरन्तर रुपं सञ्चालन याय्गु लागि धम्मवती गुरुमांनं धर्मकीर्ति विहार संरक्षण कोषय् रु. ५ लाख दुथ्याका विज्यागु खः। थुगुई हाकनं थुगु अभिधर्म पाठ निरन्तर कथं सञ्चालन याना तय्गु लागि श्रद्धालु दाता अंगुरमान तुलाधर व लक्ष्मीहेरा तुलाधरज्यू पाखें रु. २५ हजार नगद थुगु कोषे दुथ्याकूगु जुल।

अध्यक्ष गुरुमांया थप स्वास्थ्य परीक्षणया लागि डा. सुदीप श्रेष्ठया सल्लाह अनुसार २०६९/०३/२४ गते आइतवार B.L. Kapoor Memorial Hospital बिज्याना २०६९/०१/३१ काठमाडौंलय् सकुशल लिहाँ विज्यागु खः। वसपोलया साथय् सुवण्णवती गुरुमां, करुणावती गुरुमां, नवीन चित्रकार व मदनरत्न मानन्धर भ्राःगु खः। वस्पोलयात अनं Hospital य् जूगु सम्पूर्ण खर्च, सकलसित हवाई टिकटया खर्च उपाध्यक्ष श्रद्धालु, दाता द्रव्यमानसिंह तुलाधरं व्यहोरेयाना दीगु खः। राजेश श्रेष्ठज्यूं I.C. ५०,००० Chemo Therapy याय्त प्रदान याना दिगु खः।

धर्मकीर्ति विहार संरक्षण कोषया विशेष सदस्य संख्या २३ व आजीवन सदस्यपिं संख्या ४७९ दुगु जुल।

किम्डोलस्थित विहारय् "धर्मकीर्ति स्वास्थ्य केन्द्र" योजना Proposal सम्बन्धी सकारात्मकजुया च्वंगु नं थुगु सभाय् जानकारी विया च्वना। स्वास्थ्य केन्द्र निर्माण शिलशिलाय् Soil Test या लागि श्रद्धालु दाता जलेश्वरी श्रेष्ठपाखें रु. ५८,५००/– रकम प्रदान याना दीगु खः।

धर्मकीर्ति विहार संरक्षण कोषया वर्षेनी नविकरण ज्या थुगुसी नं नविकरण जुइ धुंकुगु अवगतयाना च्वना।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक प्रतिवेदन – २०६८

२०६८ ज्येष्ठ ३ गते मंगलवार स्वाँया पुन्हि खुन्हु धर्मकीर्ति विहारय् न्हिनया ४:०० बजे ध्यान भावना, ५:०० बजे बुद्धपूजा, ६:०० बजे चमेली गुरुमां पाखें प्रवचन जुलसा ६:३० बजे श्रीघः चैत्य परिसरय् मत च्याकेगु दीपावली जुल। ज्याभ्वःया संयोजक सुभद्रा स्थापित खः। ज्येष्ठ २८ गते शनिवार पूज्य संघनायक अश्वघोष भन्तेया ८५ औं जन्मोत्सवया उपलक्ष्य् बाल बौद्ध चित्रकला प्रतियोगिता प्रभात माध्यमिक विद्यालये सञ्चालन जुल। ८ दँ निसें १२ दँ व १३ दँ निसें १६ दँ तक निथ्वः विभिन्न स्कूलया मचातसें थुकी ब्वति काल। ब्वति काःपिं मचात १७६ म्ह दु। थुकिया संयोजक शुभवती गुरुमां खः। असार ४ गते शनिवार पूज्य अश्वघोष भन्ते जन्मोत्सव समारोह जुल, गुकी प्रतियोगिताय् त्यापिं विद्यार्थीपिन्त सिरपाः व दसिपौ इनेगु ज्या जुल। प्रतियोगिताय् त्याःपिंमस्त थुकथं दु ८ दँ निसें १२ दँ तक यापिं पुचलय् प्रथम मैत्री शाक्य, द्वितीय सितु मानन्धर, तृतीय लय्ता तुलाधर, सान्त्वनाय् श्रिया बज्राचार्य। १३ निसें १६ दँ पुचलय् प्रथम निसन राई, द्वितीय श्रीजना मगर, तृतीय मनिता श्रेष्ठ, सान्त्वना निलिसा तुलाधर।



Downloaded from http://www.dhamma.digital

चित्रकलाया विजय – बौद्ध झण्डा व धर्मचक्र मुद्राय् बुद्ध खः। थ्व ज्याभ्वःया संयोजक सरोज मानन्धर खः। भन्तेयात गोष्ठीपाखें ३०००/- तका दाँ लःल्हानाजुगुल। असार ३१ गते शुक्रवार गुरु पुन्हि लसताय् गुरुपिं हनेगु भ्वलय् पूज्य अश्वघोष भन्ते धम्मवती गुरुमां सहित धर्मकीर्ति विहारया शाखा विहार प्रमुखपिन्त उपहार, दानप्रदान ज्याभ्वः जुल।

श्रावण ७ गते, शनिवार पद्मकीर्ति विहार प्रमुख कमला गुरुमांया प्रव्रजित स्वर्ण उत्सव लसताय् गोष्ठी पाखें न गुहाली यानागु जुल। श्रावण २१ गते शनिवार ध्यानकुटी विहार बनेपाय् प्रव्रज्या दिवस हनेगु जुल। विकासरत्न मानन्धर पञ्चशीलया महत्वया लेख ब्वना न्यंकूगु खः। "थौंया परिप्रेक्ष्यय् अल्पकालीन प्रव्रज्या" विषय परिसम्वाद ज्याभ्वः न जुल। श्रावण ३२ गते श्रद्धेय धम्मवती गुरुमांया ७८ क्वःगु बुदिं लसताय् प्रौढ बौद्ध हाजिरी जवाफ प्रतियोगिता जुल। प्यंगू विहार दथुइ न्ह्याःगु थुगु कासाय् श्री सुमंगल विहार – प्रथम, श्री शाक्य सिंह विहार – द्वितीय, सुधम्माराम विहार तृतीय व जयमङ्गल विहार सान्त्वना पुरस्कार कायेत ताःलाःगु खः। निर्णायकय् राहुल भन्ते, चमेली गुरुमां व त्रिरत्न मानन्धरपिं खः सा क्वीज माष्टरय् श्रद्धेय कुसुम गुरुमां खः। ज्याभ्वःया संयोजक अम्बिका श्रेष्ठ खः। धम्मवती गुरुमांयात गोष्ठी पाखें ३०००/- तका दाँ न लःल्हानागु जुल।

भ्रमण सिलसिलाय् थुगुसी विजयरत्न तुलाधरया संयोजकत्वय् ज्येष्ठ २१ गते, शनिवार, असार २५ गते शनिवार व भाद्र ३ गते शनिवार स्वक्वः स्वंगू पुचः यानाः कपन गुम्बा भ्रमण जुल। भ्रमणयानाः लिपा ल्यंगु १०,८००/- तका दाँ धम्मवती गुरुमांया स्वास्थ्योपचार यात लःल्हानागु जुल।

कार्तिक ४ गते स्वन्ति न्ह्यः प्रतिमा मानन्धरया संयोजकत्वय् प्रशिक्षकपिं सरोज मानन्धर व पर्निता तुलाधर पिनि प्रशिक्षणय् मिठाई तालिमया ज्याभ्वः जुल।

पौष १४ गते शुक्रवार निसें पौष १५ गते विहिवार तक अल्पकालीन ऋषिणी श्रामणेर प्रव्रज्या रत्न विपस्सना विहार सानो भऱ्याङ्गय् सञ्चालन जुल। उगु शिविरय् २७ म्ह ऋषिणी जूपिं दुगु खःसा १० म्ह श्रामणेर जूपिं दुगु खः। थ्व ज्याभ्वःया संयोजकपिं इन्दावती गुरुमां व अमीरकुमारी शाक्यपिं खः।

चैत्र ४ गते शनिवार वार्षिक भेला सम्पन्न जुल।

## धर्मकीर्ति ज्ञानमाला भजनया वार्षिक प्रतिवेदन

१) २०६८ आश्विन ७ गते बौद्ध महिला संघ पाखें विशाखा मेलाय् धर्मकीर्ति विहार पाखें पिदना च्वंगु थीथी परित्राणमाला सि.डी., क्यासेट, धम्मोपदेश सि.डी., मांगुण, प्रातः वन्दना, धर्मकीर्ति भजनमाला सि.डी., भिंबुदिंया भिन्तुना भि.सि.डी., धर्मकीर्ति भजनमाला क्यासेट, धर्मकीर्ति विहार छपुलु सि.डी. आदिया पसः तयाः धर्मजक मखु कर्म देकेगु ज्या नं यागुः दु। थ्व स्टल त्रिपुरेश्वर बैठक भेन्यूले जूगु खः।

२) न्ह्यक्वःगु राष्ट्रिय ज्ञानमाला सम्मेलन कीर्तिपुरे स्वन्हु यंकं जूगु ज्याभ्वलय् ब्वति काःगु दु पौष १६, १७, १८ गते।

३) २०६८ पुस ९ गते झी गुरुमांयात वासः यानादीपिं डाक्टरपिंत हनेज्या व

४) २०६८ फागुन २७ गते डाक्टरपिं पाखें क्यान्सर विषयलय् न्वचु व अर्न्तकृया ज्याभ्वलय् ज्ञानमाला भजन खलः पाखें नं लसकुस लिसें वयकःपिन्त धर्मकीर्ति विहार छपुल सि.डी. नं प्रदान याःगु जुल।

५) ने.सं. ११३२ यःमरी पुन्हि कुन्हु ध.स.स.या ग्वसालय् जूगु संघनायक अश्वघोष महास्थविर व संघउपनायक कुमार काश्यप महास्थविरपिन्त हनेज्याय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें नं श्रद्धा दोहलप्यूगु खः।

६) इलय्ब्यलय् धर्मकीर्ति ज्ञानमाला भजन पाखें दाँ म्ह्याः थी थी थासय् गच्छे अनुसार ग्वाहालि याय्गु ज्या नं यानाच्वनागु दु। गथेकि– भन्ते, गुरुमांपिन्त हनेगुलिं ग्वाहालि, धर्मकीर्ति विहार तल्ला थकागुली लुम्बिनी भन्तेपिंपाखें दय्कूगु विहार, मच्छे गाउँलय् त्वाथः दय्केगु, श्रीघः चैत्ये दयेकेगु आदि।

७) २०६९ असार १३ गते जमोबहालय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें जलपान वियागु नापं श्रीघः ज्ञानमाला भजन खलःयात नं श्रद्धां ग्वाहालि दाँ दोहलप्यूगु जुल।

८) २०६८ कार्तिक ३० गते कमला गुरुमां ६४ बुदिँया लसताय् धर्मकीर्ति ज्ञानमाला भजन खलः पाखें जलपान व्यवस्था याःगु जुल।



Downloaded from http://www.dhamma.digital
Back Cover Inside Page

# धर्म प्रचार — समाचार

## नेपाल बौद्ध परियत्ति शिक्षाको दीक्षान्त तथा पुरस्कार वितरण समारोह

*२०६९ श्रावण २७ गते, शनिवार*

*स्थान- विश्वशान्ति विहार, नयाँ बानेश्वर*

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं सहशिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा र माननीय वातावरण विज्ञान तथा प्रविधि मन्त्री डा. केशवमान शाक्यको प्रमुख अतिथ्यत्वमा बौद्ध परियत्ति शिक्षा बु.सं. २५५५ वर्षको ४९ औं समूहको दीक्षान्त तथा पुरस्कार वितरण समारोह सुसम्पन्न भएको छ।

पञ्चशील प्रार्थना पश्चात शुरु गरिएको उक्त समारोहमा स्वागत मन्तव्य एवं परियत्ति प्रतिज्ञा वाचन पश्चात् बु.सं. २५५५ वर्षको परियत्ति प्रतिवेदन प्रस्तुत गरिएको थियो। परियत्ति शिक्षाको महत्व विषयमा प्रकाश पारिसकेपछि विद्यार्थी प्रतिनिधिहरूबाट आ-आफ्नो मन्तव्य व्यक्त गरेपछि प्रमुख अतिथि र महामहिम राजदूतज्यूबाट पनि सम्वोधन मन्तव्य व्यक्त गर्नुभएपछि पुरस्कार वितरण गरिएको थियो । सो पश्चात् धन्यवाद ज्ञापन गरी सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन भएको थियो ।

## भिक्षु महासंघको नयाँ कार्य समिति चयन

*२०६९ श्रावण २० गते*

*स्थान- विश्व शान्ति विहार, मीनभवन*

नेपालका पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा भिक्षु महासंघका पूर्व अध्यक्ष भिक्षु बोधिसेन महास्थविरको सभापतित्वमा सम्पन्न भएको नेपाल भिक्षु महासंघको वार्षिक साधारण सभामा संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई सर्वसम्मतिले नयाँ अध्यक्षको पदमा मनोनित गरेको समाचार छ।

उहाँको अध्यक्षतामा भिक्षु महासंघले ४ वर्षका लागि नयाँ कार्य समिति पनि गठन गरिएको ब्यहोरा प्राप्त समाचारमा उल्लेख गरिएको छ । नयाँ कार्य समितिका पदाधिकारीहरू यसरी रहेको छ–

अध्यक्ष - भिक्षु ज्ञानपूर्णिक महास्थविर

*उपाध्यक्ष* - भिक्षु धर्मगुप्त महास्थविर

भिक्षु धर्ममूर्ति महास्थविर

*महासचिव* - भिक्षु कोण्डन्य

*सचिव* - भिक्षु राहुल महास्थविर

*कोषाध्यक्ष* - भिक्षु शोभित महास्थविर

*कार्यकारिणी सदस्यहरू –*

भिक्षु शीलभद्र महास्थविर, भिक्षु भद्दिय, भिक्षु सद्धातिस्स, भिक्षु निग्रोध, भिक्षु संघरक्षित, भिक्षु पञ्ञारत्न, भिक्षु विमला, भिक्षु सरणंकर, भिक्षु पियदस्सी ।

कार्यक्रमको पहिलो सत्रमा विनयकर्म अनुसार आपत्ति देशना, बुद्धपूजा र मङ्गलपाठ पश्चात् सचिव धर्ममूर्ति महास्थविर र कोषाध्यक्ष भिक्षु शोभित महास्थविरले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यतिर प्रमुख अतिथि संघनायक भिक्षु अश्वघोष महास्थविरले ७ वर्षिय निग्रोध श्रामणेर को शान्त एवं संयमित स्वभाव र उहाँबाट देशना गरि एको बुद्ध शिक्षा "अप्रमादी/होशियारपूर्ण जीवनले निर्वाण (मुक्ति मार्ग) तर्फ लैजान्छ भने लापरवाही जीवन बाँचिरहे पनि मरिरहेको जस्तै हुनेछ" लाई सुनेर चण्डाशोक धर्माशोकको रुपमा परिवर्तन भएको घटना उल्लेख गर्नुभएको थियो ।

अन्त्यमा उहाँले पुर्नगठित भिक्षु महासंघले अझ बढी गतिशीलताको मोड लिई आफ्नो कार्यकाल सफल पार्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभएको थियो ।

## हाँडीगाउँमा धर्मचक्र प्रवर्तन दिवस मनाइयो

*आषाढ १९ गते*

धर्मकीर्ति विहारका भिक्षुणी इन्द्रावती गुरुमांको प्रमुख आतिथ्यमा रुद्रमती मार्गमा निर्माणाधीन विहार भवनमा एक समारोहका बिच धर्मचक्र प्रवर्तन दिवस मनाइयो । हाँडीगाउँ मां पुचः र मिसा पुचःको संयुक्त आयोजना सम्पन्न भएको समारोहमा श्री श्यामलाल चित्रकारले धर्मचक्र प्रवर्तन दिवशको महत्व र परिचय बारे प्रकाश पार्नु भएको थियो। मां पुचःका अध्यक्ष श्रीमती गणेशमाया प्रजापतिको अध्यक्षतामा सम्पन्न भएको उक्त समारोहमा उहाँले धन्यवाद ज्ञापन गर्दै समारोह विसर्जन भयो । श्री तीर्थबहादुर बज्राचार्यले सञ्चालन गर्नुभएको उक्त सभामा गुरुमांहरूले बुद्धपूजा र परित्राण पाठ गर्नुभएको थियो ।

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



फोटो सौजन्य- भिक्षु आचारो

म्यानमारका अग्गमहापण्डित श्रद्धेय धर्मकथिक भिक्षु डा. उ ञाणिस्सर महास्थविर विश्व शान्ति विहारमा प्रवचन गर्नुहुँदै

वर्ष-३०; अङ्क-५

बु.सं. २५५६, अनला पुन्हि

Downloaded from http://www.dhamma.digital

Front Cover Page

## मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा

*२०६९ श्रावण ११ गते*

*स्थान- मैत्री बोधिसत्व विहार ।    प्रस्तुती- प्रेमलक्ष्मी*

यसदिन केशावती गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना पनि गर्नुभएको थियो । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःले भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा दाता पूर्णवीरसिंह कंसाकार, गायत्री कंसाकार र केशरी कंसाकारको तर्फबाट दि. बुबा चन्द्रवीरसिंह कंसाकार, दि. आमा रत्नशोभा कंसाकार, दि. बुबा गोविन्दमान श्रेष्ठ, दि. माता राधिका श्रेष्ठको पूण्य स्मृतिमा जलपान दान गरी पूण्य सञ्चय गर्नुभएको थियो । यसरी नै दाता परिवारले भजनका सामान ओसार्नका लागि रु. ५००/- प्रदान गर्नुभएको थियो ।

## शाक्यमुनि कीर्ति विहारको लागि सहयोग

१) स्व. श्री सानुरत्न स्थापितको पूण्यस्मृतिमा श्रीमती लक्ष्मीशोभा, छोरा अजयरत्न स्थापित र परिवार सहित (कोठा एक) रु. ३,८५,०००।००
२) सिद्धिबिलास बज्राचार्य तथा सरस्वती बज्राचार्य परिवार, नयाँ बानेश्वर रु. १,००,०००।००
३) अञ्जु मोर परिवार तथा साथीहरू, सोल्टीमोड रु. ६०,०००।००
४) सुभद्रा मानन्धर छाउनी र चैत्यकृष्ण मानन्धर नयाँबजार (माइक र स्पीकरको लागि) रु. २०,०००।००
५) सानुबाबु व मेजु महर्जन, सतुङ्गल मेनरोड रु. १०,१००।००
६) स्व. महेन्द्रमान ताम्राकारको पुण्यस्मृतिमा मैंया ताम्राकार, भोटाहिटी रु. १०,०००।००
७) श्री बेखानारायण डंगोल, ठमेल रु. ८,१०१।००
८) श्रीमती बेखामाया डंगोल, ठमेल रु. ८,१०१।००
९) उमेशकुमार श्रेष्ठ, क्षेत्रपाटी, ढल्को रु. ५,७००।००
१०) दानबहादुर मानन्धर, सतुङ्गल–९ रु. ५,१०१।००
११) रामकृष्ण मानन्धर, सतुङ्गल–९ रु. ५,१००।००
१२) कृष्णमाया महर्जन, नैकाप रु. ५,०३०।००
१३) सुश्री सबिता महर्जन, नरदेवी रु. ५,००१।००
१४) श्याम मानन्धर तथा निर्मला मानन्धर, सतुङ्गल–९ रु. ५,०००।००
१५) हितकारी बहुउद्देश्यीय सहकारी संस्था लि., क्षेत्रपाटी रु. ५,०००।००
१६) बुद्धहिरा तुलाधर, असन, भोटाहिटी (लाइन फोनको लागि) रु. ५,०००।००
१७) अष्टमाया महर्जन, किताब पुचः त्यौड रु. ५,०००।००
१८) पूर्णबहादुर श्रेष्ठ र लालश्रेष्ठ, सतुङ्गल–९ रु. ५,०००।००
१९) स्व. धनबहादुर महर्जनको पूण्यस्मृतिमा सिद्धिकुमार महर्जन, बलम्बु (बालुवा ट्रिपर - एक)
२०) महालक्ष्मी शाही, थानकोट ईंटा २ ट्रिप (४००० थान)
२१) शङ्कर मानन्धर, थानकोट (चिप्स ट्रिप) दुई
२२) मच्छेनारायण ईंटा भट्टाबाट फिलिङ्गमा माटो सहयोग
२३) प्रविन महर्जन, दिलिप महर्जन, वीरेन्द्र महर्जन हाउस वायरिङ्गमा सहयोग गर्नेहरू

## भिक्षु अमृतानन्द महास्थविरको २३ औं स्मृति दिवस

*२०६९ भाद्र ५ गते ।    स्थान- आनन्दकुटी विहार*

आनन्दकुटी विहार संस्थाका संस्थापक दिवंगत भिक्षु अमृतानन्द महास्थविरको २३ औं स्मृति दिवस सम्पन्न भएको छ । विज्ञान तथा प्रविधि मन्त्री माननीय डा. केशवमान शाक्यको प्रमुख आतिथ्यमा आनन्दकुटी विहार संस्था परिवारको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा श्रद्धाञ्जली सभा, परियत्ति प्रेरणा पुरस्कार एवं सांघिक भोजनदान कार्य पनि सम्पन्न गरिएको थियो ।

## विशेष धर्म प्रवचन समारोह तथा सम्मान कार्यक्रम सम्पन्न

*२०६९ भाद्र ३ गते, आइतवार*

*स्थान- अशोक हल (पार्टी प्यालेस), पाटनढोका*

म्यानमारका प्रकाण्ड विद्वान तथा अग्गमहापण्डित श्रद्धेय धर्मकथिक भिक्षु डा. उ ञाणिस्सर महास्थविर (सीतगु सयादो) बाट यसदिन शील सदाचार र प्रज्ञा विषय विशेष धर्मप्रवचन सम्पन्न भएको थियो । सुखी होतु नेपालको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविर, संघ उपनायक भिक्षु ञाणपूर्णिक महास्थविर, अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष धम्मवती गुरुमां र ञाणशीला गुरुमां सहित चार जना व्यक्तिहरूलाई उहाँहरूको बुद्ध शासनिक व्यक्तित्व कृतित्व तथा योगदानलाई स्मरण गर्दै उहाँहरूको चिरायु तथा सुस्वास्थ्य कामना गरी स्वास्थ्य उपचारार्थ प्रतिव्यक्ति रु. २५०००।०० अर्पण गरिएको थियो । उक्त रकम दाता विजया ज्ञवाली र सुब्रता ज्ञवालीले अर्पण गर्नुभएको थियो ।

Downloaded from http://www.dhamma.digital